मण्डली स्थापनाबारे निर्देशिका

पाष्टरीय तालीम पुस्तिका

३७

तालीम र वृद्धि

T&M ®



“आफ्ना आँखा उचालेर हेर, बाली कटनीको निम्ति पाकिसकेको छ ।”

यूहन्ना ४:३५

विषय सूची

परिचय

मण्डली स्थापनाका क्रियाकलापहरु पृष्ठ

१.	प्रार्थना र योजना	१५
२.	मण्डली स्थापना गर्नेहरु तयार पार्नोस्	३३
३.	मानिसलाई चिन्नोस् अनि उनीहरुलाई प्रेम गर्नोस्	४२
४.	खीष्टको विजय दाबी गर्नोस्	६१
५.	परमेश्वरलाई खोज्ने मानिसहरुको खोजी गर्नोस्	६६
६.	सुसन्देशको घोषणा गर्नोस्	८१
७.	परिणामलाई जाँच्नोस्	९७
८.	नयाँ सदस्यहरुलाई बप्तिस्मा दिनोस् अनि ग्रहण गर्नोस्	१०३
९.	खीष्टप्रतिको आज्ञाकारिता सिकाउनोस्	११८
१०.	आराधना सेवाहरुको आयोजना गर्नोस्	१२६
११.	नयाँ सदस्यहरुलाई गतिशील बनाउनु	१४६
१२.	अगुवाहरुलाई तालीम दिन थाल्नोस्	१५२

परिचय

१. (प्रस्थान १८ अनुसार यित्रोको सल्लाह ।)

यही प्रणालिमा ठूला ठूला मण्डलीहरु, घरेलु संगतिहरु अथवा सेलहरु विभाजित हुन्छन् । जब एउटा मण्डली अथवा घरेलु संगति तथा सेलमा प्रशस्त मात्रमा विश्वासीहरु हुन्छन्, तिनीहरुले केही सदस्यहरुलाई नयाँ स्थानमा पठाइदिन्छन् ।

२. प्रेरित १० र ११ अनुसार, जोप्पाबाट एक झुण्ड पठाइएको ।)

यस अवस्थामा, एक मण्डलीले (अथवा धेरै मण्डलीहरु तथा मिसन एजेन्सीको सहभागितामा) एक झुण्ड सहकर्मीहरु कुनै नयाँ ठाउँमा सेवा गर्न पठाउँछन् । यो झुण्डले त्यस ठाउँमा केही समयको निम्ति काम गर्दछ ।

३. (प्रेरित १३-१४ अनुसार एन्टियोकमा प्रेरितहरुका एक सानो झुण्ड ।)

एन्टियोकका मण्डलीले मण्डली स्थापनाको निम्ति एक झुण्ड पठाए । यो झुण्ड सानो थियो अनि धेरै मण्डलीहरु स्थापना गर्नको निम्ति लामो समयसम्म टाढो टाढो यात्रा गर्दथे ।

४. (प्रेरित १८, रोमी १६:५, १ कोरन्थी १६:१९ अनुसार अक्विला र प्रिस्क्लिाको घरमा घरेलु मण्डली । यो लोग्ने स्वास्नीको झुण्ड शहर शहर गएर बस्थे अनि त्यहीँ जस्तै रोम, कोरिन्थ अनि एफिससमा मण्डली शुरु गरे ।)

मण्डली के हो ? हामीले के स्थापना गरिरहेका छौं ?

- एक मण्डली भन्नाले येशू ख्रीष्टमा विश्वासीहरुको त्यो झुण्ड बुझिन्छ, जो पवित्र आत्माको शक्तिद्वारा, उहाँको आज्ञा प्रेममा पालन गर्न समर्पित छन् ।

- मण्डली कुनै "प्रचारको कार्यक्रम" होइन जहाँ हामी निष्क्रिय श्रोताहरुलाई प्रचार गर्दछौं । मण्डली नता कुनै भवन हो, नता कुनै मानव-निर्मित संस्था नै हो ।

मण्डलीले के गर्दछ ? मण्डलीले आज्ञाकारी चेलाहरु बनाउनको निम्ति प्रभुको आज्ञा पछ्याउँछ (मत्ती २८:१८-२०)। यसको निम्ति निम्न कुराहरु हुन आवश्यक छन्:

- हाम्रा मित्रहरु अनि शाखा-सन्तानहरुलाई सुसमाचार सुनाउने अनि बप्तिस्मा दिने (प्रेरित १:८, २:३७-४१),

- परमेश्वरको वचनद्वारा विश्वासीहरुको ज्ञानोन्नति (ज्ञानमा उन्नति) गराउने (प्रेरित २:४२),

- प्रभुभोज, प्रार्थना, भजन अनि गवाहीहरुद्वारा परमेश्वरको आराधना गर्ने (प्रेरित २:४२),

- प्रेमिलो संगति वृद्धि गर्ने (यूहन्ना १३:३४-३५),

- प्रेममा आवश्यकतामा परेकाहरुलाई सेवा पुऱ्याउने (गलाती ६:१०),

- यसको निम्ति पाष्टर तथा एल्डरहरु तयार पार्ने (२ तिमोथी २:२) ।

कसले मण्डली स्थापना गर्न सक्छ ?

हामीले त्यस्ता मानिसहरु खोज्नु पर्दछ जसले खीष्टको सेवा गर्न चाहन्छ । उनीहरुमा अति बढी क्षमताहरु हुनु खाँचो छैन तर उनीहरु सुसमाचार सुनाउन अनि माथि भनिएका कुराहरु गर्न चाहने चेलाहरु बनाउन तत्पर हुनुपर्छ ।

मण्डली स्थापनाको निम्ति बाह्रवटा निर्देशिकाहरु

कृपया गरी बाह्रवटा निर्देशिकालाई दोहोऱ्याउनु होस्, अनि तपाईको खाँचो अनुसार कुनै पनि क्रम अप्नाएर व्यवहारमा ल्याउन थाल्नोस् । कुन अनि कतिवटा क्रियाकलापहरु तपाई गर्न चाहनुहुन्छ त्यो चाहिँ तपाईको विशेष सेवकाइ क्षेत्रमाथि भर पर्दछ । एकै समयमा तपाईले विभिन्न निर्देशिकाहरु अप्नाउन सक्नुहुन्छ ।

कुनै निर्देशिका अप्नाएर जब एक मण्डली शुरु हुन्छ, तब त्यो व्यवहारमा ल्याइरहनको लागि तपाईले सहयोग गर्नुहोस् । कसैले अर्को शुरु गर्न चाहन्छ भने नरोक्नोस् ।

मण्डली स्थापना गर्नको निम्ति धेरै तरिकाहरु छन् । कुन प्रकारको सांस्कृतिक पृष्ठभूमिमा कुन प्रकारको मण्डली तपाई शुरु गर्न चाहनुहुन्छ, अनि कुन प्रकारका श्रोतहरु प्राप्य छन्, तथा अन्यान्य तथ्यहरुमा तपाईले अप्नाउनपर्ने तरिका भर पर्दछ । यो निर्देशिकाले मण्डली स्थापनाको निम्ति १२ वटा बाइबलीय निर्देशिका / क्रियाकलापहरु प्रस्तुत गर्दछ । तरिकाहरु विभिन्न हुनसक्छन्, तर सबै तरिकाहरुमा नयाँ करारका सिद्धान्तहरु लागू भएको हुनुपर्दछ ।

एक क्रियाकलापबाट अर्कोमा जाँदा, कहिले योजना गरियो अनि कहिले काम शुरु गरियो, लेखिराख्नोस् । तपाईले मण्डली स्थापना गर्दा कुनै क्रियाकलाप सम्बन्धित भएन भने, त्यसबारे सानो टिप्पणी लेखिराख्नोस् ।

निर्देशिका कहाँ प्रयोग गर्न सकिन्छ ?

निम्नलिखित विभिन्न स्थितिहरुमा नयाँ मण्डलीहरु स्थापना गर्न सहयोग हुने किसिमले निर्देशिका तयार पारिएको छ :

- तपाईको आफ्नै संस्कृतिभित्र ।

- अर्कै भाषा बोल्ने, जनजाति झुण्ड तथा संस्कृतिका मानिसहरुको माझमा (मिसनेरीले गर्नुपर्ने स्थितिमा)।

- टिप्पणी: यदि मण्डली स्थापना गर्न चाहने तपाईको झुण्ड उनीहरुकै भाषा बोल्ने, संस्कृति तथा राष्ट्रियता भएका मानिसहरुको बीचमा छैनन् भने, तपाईले तिनीहरुलाई पुस्तिका ५५ "मिसनेरी निर्देशिका" मार्फत मण्डली स्थापनाको तालीम दिनसक्नुहुन्छ ।

- जहाँ मण्डली विस्थापित भएको छ र फेरि शुरु गर्नु पर्ने भएको छ ।

- तपाईको स्थितिअनुरुपको निर्देशिका अप्नाउनु होस् । सम्भव भएमा, अर्कैमा मण्डली स्थापना गर्ने काममा लाग्नु भन्दा पहिले आफ्नै संस्कृतिमा मण्डली स्थापना गर्ने काममा तपाईको वरदानलाई प्रयोगमा ल्याउनुहोस् ।



एउटा मण्डली स्थापना गर्नको निम्ति कति लामो समय लाग्ला ?

यो पनि परिस्थितिहरु अनुसार विभिन्न हुन्छन् । यदि तपाईले आफ्नै पृष्ठभूमिमा काम गर्दैहुनुहुन्छ अनि नयाँ मण्डलीको लागि अगुवाहरु तयारी पारिसक्नुभएको छ भने, यसको निम्ति केही साताहरु मात्र लाग्ला । यदि तपाई अर्कै संस्कृतिको पृष्ठभूमिमा काम गर्दै हुनुहुन्छ र तपाईसंग काम गर्नलाई

त्यस पृष्ठभूमिबाट कुनै प्रभावशाली अगुवाहरु छैनन् भने, मानिसहरुको हृदयभित्र तपाईले दिन चाहनुभएको सन्देश पुऱ्याउन अनि भरोसा स्थापित गर्न निकै समय लाग्ला ।

मण्डली वृद्धि अनि गुणन

यो निर्देशिकाले त एउटा नयाँ मण्डली शुरु गर्ने कुरालाई मात्र बुझाउँछ । त्यसपछि, यो बढ्नुपऱ्यो, परिपक्व हुनुपऱ्यो अनि गुणन हुनुपऱ्यो ।

यसरी मण्डली स्थापित हुन जान्छ

यो "मण्डली स्थापनाबारे निर्देशिका" प्रयोग गर्नोस्



मण्डली बढ्दै जान्छ अनि यसका अगुवाहरुले तालीम पाउँदै जान्छन्

नयाँ मण्डलीका अगुवाहरुलाई तालीम दिन, तालीम र वृद्धि विद्यार्थी क्रियाकलाप निर्देशिका र पाष्टरीय अध्ययनहरु (ससाना पुस्तिकाहरु) प्रयोग गर्नोस् ।



मण्डली परिपक्व बन्दछ अनि
छोरी मण्डलीहरु जन्माउँछन्



मण्डली गुणन हुँदै जान्छ



निर्देशन १
प्रार्थना र योजना



लक्ष्य

कहाँ मण्डली स्थापित गर्नुपर्ने हो अनि कुन तरिका अप्नाएर मण्डली वृद्धि हुनुपर्ने हो, त्यसको निम्ति प्रार्थना र योजना गर्नुहोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____।

जसै हामी नयाँ मण्डलीहरु स्थापित गर्नेछौं, हामी कदम कदममा प्रार्थना गर्नेछौं, अनि अरुहरुलाई पनि प्रार्थना गरि दिनको लागि विन्ती गर्नेछौं ।

कहाँ अनि कुन प्रकारको मण्डली स्थापित गर्नुपर्ने हो, यही यो बेला गर्नुपर्ने प्रार्थनाको मुख्य विषय हो । कुन प्रकारको मण्डली स्थापित गर्ने भन्ने कुरा तपाईमा भएका श्रोतहरु, त्यो क्षेत्रको विशेष परिस्थितिहरु, जनसंख्याको घनत्व, यातायातको सुविधा, मण्डलीको बारेमा तपाईको बिचार, अनि तपाईले प्रार्थना गर्नुहुँदा प्रभुले कसरी अगुवाइ गर्नुहुन्छ त्यसैमा भर पर्छ ।

नयाँ ठाउँहरुमा जान अघि प्रभु येशूले प्रार्थना गर्नुभयो । (मर्कूस १:३५-३९)

जब पत्रुसले प्रार्थना गरे, परमेश्वरले उहाँको योजना प्रकट गर्नुभयो । (प्रेरित १०:९-१६)

त्यसरी नै, हामी पनि पवित्र आत्माले भरिपूर्ण हुन अनि अगुवाइ पाउनको निम्ति प्रार्थना गर्दछौं, किनभने केवल परमेश्वरले मात्र मण्डलीलाई जन्म दिनुहुन्छ अनि यसलाई बढाउनु हुन्छ अनि उत्पादन गर्नुहुन्छ ।

प्रार्थनाका प्रस्तावित क्रियाकलापहरु

- आमा मण्डलीमा केही व्यक्तिहरु भेट्टाउनुहोस् जसले एक विशेष प्रार्थना झुण्ड खडा गर्नेछन् ।

  जसले नयाँ मण्डली स्थापित गर्नेछन् तिनीहरुको निम्ति अनि नयाँ विश्वासीहरुको निम्ति तिनीहरुलाई प्रार्थना गर्न लाउनोस् । मण्डली स्थापनाको हरेक कदममा प्रार्थनाका खाँचोहरुबारे जानकारी उपलब्ध गराइर राख्नुहोस् ।

- जसै मण्डली स्थापनामा चासो राख्नुहुन्छ, प्रार्थना गर्नुहोस् अनि परमेश्वरको अगुवाइ खोज्नुहोस् ।

  एफिसी ६:१८ ले हामीलाई प्रार्थना गरिरहने बारेमा यसरी उत्साहित पार्दछ: *"सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर....।"*

- जहाँ मण्डली स्थापित गर्न चाहनुहुन्छ त्यो ठाउँ हेर्न जानुहोस् ।

  जसै त्यो क्षेत्रमा हिँड्नुहुन्छ, प्रार्थना गर्नुहोस अनि पछि तपाईको झुण्डसंग मिलेर त्यहाँ देख्नु भएका कुराहरु, आवश्यकताहरु, विशेष मानिसहरु, इत्यादिको निम्ति प्रार्थना गनुहोस् । त्यो क्षेत्र रोज्नुहोस् जहाँ तपाईका साथीहरु अथवा कुनै विश्वासीहरुका आफन्तहरु छन् अथवा जसले एक मण्डलीको माग गरिरहेका छन् ।

मण्डली स्थापनाको तरिका चुन्नको निम्ति प्रस्तावित योजनागत क्रियाकलापहरु

- धर्मशास्त्रका यी पदहरु पढ्नुहोस् जसले मण्डली स्थापनाबारे निर्देशिकाहरु प्रकट गर्दछन्:

  प्रेरित १३:१-३, मत्ती २८:१८-२०, मर्कूस ४:१-३२, रोमी १०:१२-१८, १५:२०-२१ । एफिसी ४:११-१६ ले यो पनि प्रतिज्ञा गर्दछ कि हरेक मण्डलीमा प्रेरितहरु हुनुपर्छ, जसलाई उसको मण्डलीले अरुहरुमा दर्शन हालिदिन अनि कामलाई अगुवाइ प्रदान गर्न पठाउँदछ ।

- मण्डली स्थापनाबारे तपाईको आफ्नै साधारण तरिका चुन्नुहोस् । केही साधारण तरिकाहरुबारे हामी बिचार गरौं:

१. अर्कै ठाउँमा एक नयाँ मण्डली स्थापित गर्नको निम्ति चालीस वा सोभन्दा बढी विश्वासीहरुले ठूलो आमा मण्डली छोड्छन् । यो झुण्डले अरु परिपक्व विश्वासीहरुसित मिलेर नयाँ मण्डली स्थापित गर्दछ ।

   यो शहरी क्षेत्रहरुमा सम्भव छ किनकि आमा मण्डलीबाट विश्वासीहरु नयाँ क्षेत्रमा आऊ जाऊ गर्न सक्छन् । आमा मण्डलीले यसरी दोबर अथवा तेबर पुराना सदस्यहरु दिएर नयाँ मण्डली बनाउने काम गरेमा परमेश्वरले अवश्य आशिष दिनुहुनेछ । यदि तपाईले यस प्रकारको तरिका अप्नाउनु भयो भने यस निर्देशिकामा दिइएका कतिपय क्रियाकलापहरु प्रयोगमा आउन सक्नेछैनन् । उदाहरणको निम्ति, नयाँ मण्डलीको मौलिक झुण्ड नयाँ सदस्यहरुबाट बनिने मौका भएन । साथै, यस प्रकारको मण्डली स्थापनाको निम्ति शुरुको अवस्थामा बढी चेलापनको काम परेन ।

२. आमा मण्डली अथवा मण्डलीहरुको एक झुण्डले एक नयाँ ठाउँमा मण्डली स्थापना गर्ने झुण्ड पठाउँछ। तिनीहरुले त्यहाँ विश्वासीहरु भेट्टाउलान् जसले एक मण्डलीको माग गरिरहेको छन्, अथवा त्यहाँका मुख्य मानिसहरुले येशूमा विश्वास गर्न थाल्नुपर्ला। जब मण्डलीको स्थापना हुन्छ, तब त्यो झुण्ड त्यही नयाँ मण्डलीसितै रहनसक्छ, अथवा आफ्नै आमा मण्डलीमा फर्केर आउनसक्छ।

३. जहाँ आमा मण्डली छैन, त्यहाँ एक मण्डली स्थापना गर्ने झुण्ड प्रवेश गरेर एक नयाँ मण्डली स्थापना गर्नसक्छ। कहिले-काहीँ, यी मिसनेरीहरु अर्कै संस्कृतिबाट पनि आएका हुनसक्छन्।

४. अक्विला र प्रिस्किलाको बारेमा प्रेरित १८ मा बर्णन गरिएजस्तै, बिऊसरह मानिसहरुको एक सानो झुण्डले घरेलु मण्डली गठन हुनसक्छ। कति चाहिँ अरु मण्डलीहरु स्थापित गर्ने काम जारी राख्नको निम्ति अरु ठाउँतिर जाने गर्छन्।

जहाँ मण्डली स्थापित गर्नु पर्ने हो त्योभन्दा बाहिरबाट आएर मण्डली स्थापना गर्ने व्यक्तिहरुले स्थानीय मानिसहरुलाई प्रेम गर्न, स्थानीय संस्कृति सिक्न अनि

स्थानीय क्षेत्र र मानिसहरुअनुसारका तरिकाहरु निर्धारित गर्न प्रशस्त समय र प्रयास लगाउनुपर्छ। बाहिरबाट आएर मण्डली स्थापना गर्ने व्यक्तिहरुले त्यस ठाउँमा आफूहरुलाई अस्थायी वासिन्दा अथवा पक्की घर बनाउँदा लगाइने बाँसको 'मचान' जस्तो मात्र ठान्नुपर्दछ। मचानले केवल अस्थायी रुपको उद्देश्य मात्र पूरा गर्दछ। किनकि जब स्थायी खम्बाहरु निर्माण हुन्छन् तब ती मचानहरु निकालिन्छन्। त्यस्तैगरी, बाहिरबाट आएर मण्डली स्थापना गर्ने व्यक्तिहरुले पनि स्थानीय विश्वासीहरुमध्येबाट अगुवा छानी तालीम प्रदान गरेर सकेसम्म चाँढै, उनीहरुको हातमा त्यो काम सुम्पी जान्छन्। यदि तपाई बाहिरबाट आउनुभएको हो भने त्यहाँ काम जारी राख्नको निम्ति तपाईले स्थानीय मानिसहरुलाई तयार पार्नु जरुरी छ।

मण्डली स्थापनाको निम्ति स्थान छान्न प्रस्तावित योजना क्रियाकलापहरु

- जहाँ मण्डलीका सदस्यहरुका साथीहरु अनि आफन्तहरु बस्छन् त्यहीँ नयाँ मण्डलीहरु स्थापना गर्नको निम्ति स्थान छान्नोस्।

के कुनै स्थान थाहा लागेको छ जहाँ एक मण्डलीको खाँचो छ अनि मण्डलीका सदस्यहरुका साथीहरु अनि आफन्तहरु रहन्छन् ?

_____

- जहाँ मण्डलीहरु नै छैनन् अथवा जहाँ प्रभावशाली ढङ्गमा सुसमाचार प्रचार कार्य भैरहेको छैन, त्यही ठाउँलाई प्राथमिकता दिनुहोस् । पावलले ती मानिसहरुलाई प्रचार गरे जसले सुसमाचार सुनेका थिएनन् । (रोमी १५:२०-२१)

  कुन झुण्ड अथवा उपसंस्कृतिका मानिसहरुले सुसमाचार सुन्न पाएका छैनन् अथवा कुन क्षेत्रमा प्रभावशाली ढङ्गका मण्डलीहरु छैनन् ?

  _____

  त्यहाँ कति मानिसहरु बसोबास गर्छन् ? _____

  तिनीहरुमध्ये कति प्रतिशतले अघिबाटै प्रभुलाई चिनेका छन् ? _____

मानिसहरु सुसमाचारप्रति कति खुल्ला छन् ?

- यातायातलाई पनि ध्यान दिनोस् ।

  के जुन ठाउँमा तपाईले मण्डली स्थापना गर्ने योजना गर्दै हुनुहुन्छ त्यो ठाउँ यात्राको लागि ठिक्कको ठाउँ हो ? _____

  कसरी तपाई र तपाईका सहकर्मीहरुले यात्रा गर्नुहुन्छ ?

- जहाँका मानिसहरु सुसमाचारप्रति अभिरुची राख्तछन् त्यही पहिला मण्डलीहरु स्थापित गर्नोस् ।

  सुसमाचारमा अभिरुची राखेका ठाउँहरु कहाँ कहाँ छन् त ?

- त्यस क्षेत्रमा भएका मण्डलीहरुलाई बिचार गर्नोस् अनि मूल्याङ्कन गर्नोस् ।

  के त्यस क्षेत्रमा भएका मण्डलीहरुले सुसमाचार प्रचार गर्ने र अरुहरुलाई सिकाउने काम गर्दैछन् अथवा तिनीहरु केवल सानो झुण्डमा जमिरहेका छन् ?

  _____

  त्यो क्षेत्रमा सुसमाचार प्रचारको निम्ति कस्ता तरिकाहरु मण्डलीहरुले अप्नाइरहेका छन् ?

  _____

  तिनीहरुको प्रचार कार्य कतिको प्रभावशाली छ ?

  _____

  _____

जहाँ अघिबाटै मण्डली छ, त्यो ठाउँमा एक नयाँ मण्डली स्थापित गर्ने निर्णय गर्नुभयो भने, तिनीहरुलाई आदर र प्रेम देखाउनुहोस्, अनि उनीहरुको सदस्यहरु चाहिँ नचोर्नुहोस् । हामी प्रतियोगितामा छैनौं ।

के त्यस क्षेत्रमा रहने इसाईहरुले तपाईलाई सहायता गर्छन् ?

_____

- यदि तपाईले टाडोमा भएको अथवा छुट्टै समुदायमा काम गर्ने योजना राख्नुभएको छ भने, त्यो समुदायबारे केही साधारण जानकारीहरु बटुल्नुहोस् ।

मानिसहरुसंग कुराकानी गर्नोस् । सम्भव भएमा, सर कारी कार्यालय अथवा जनसंख्याबारे रुची राख्ने क्षेत्रहरुबाट जनसंख्याको सूचनाहरु बटुल्नोस् ।

सूचना बटुल्नको निम्ति केही प्रश्नहरु

(नयाँ ठाउँमा आएका मानिसहरु सुसमाचारप्रति बढी खुल्ला हुन्छन्, किनकि तिनीहरुका साथीहरु अनि अविश्वासी आफन्तहरुको प्रभाव यतिबेला उनीहरुमा कम हुन्छ ।)

के यस ठाउँमा नयाँ मानिसहरु आइरहेका छन् (उदाहरणको लागि, शरणार्थीहरु)?

_____

कहाँबाट आइरहेका छन् ? _____

के नयाँ उद्योगहरु शुरु भइरहेका छन् ? _____

के नयाँ आवासको योजना छ ? _____

साथै त्यहाँ पाइने काम तथा सामाजिक कुराहरुलाई पनि बिचार गर्नु आवश्यक छ ।

प्रायः जसो मानिसहरु कहाँ काम गर्छन् ?

_____

मानिसहरुका सबभन्दा बढी समस्याहरु के के हुन् ?

_____

_____

तपाईले काम गर्न चाहनु भएको व्यक्तिहरुको साधारण आर्थिक तह के कस्तो छ ?

_____

जब मानिसहरु बेलुकी अथवा अरु समय फुर्सदमा हुन्छन्, उनीहरुले के गर्दछन् ? यस्ता कुराहरु जान्नको लागि शायद तपाईले कुनै समुदायको सर्वेक्षण गर्नुपर्ने हुन्छ होला । अनुसन्धानमा अनुभवी व्यक्तिलाई यस्ता प्रश्नहरु बनाउन सहयोग माग्नुहोस् ।

अन्तर-साँस्कृतिक मिसनेरीहरुको लागि

यदि तपाईको क्षेत्रमा विभिन्न भाषाहरु अनि संस्कृतिहरु मान्ने विभिन्न झुण्डहरु छन् भने, तब उनीहरुमध्ये एउटालाई मात्र छानेर काम गर्न थाल्नोस् । हरेक झुण्डको आफ्नै धारणाहरु हुन्छन्, अनि शुरुमा, उनीहरुका आफ्नै मानिसहरु भेटिए भने सुसमाचारप्रति बढी खुल्ला पनि हुन्छन् ।

त्यस क्षेत्रमा कुन जनजातिहरु रहन्छन् ?

_____

तिनीहरु कुन भाषाहरु बोल्छन् ? _____

कुन भाषा बोल्ने अथवा झुण्डसंग तपाई काम गर्न थाल्नुहुनेछ ? _____

यी मानिसहरुसित राम्रो सम्बन्ध गाँस्नुको लागि, मण्डली स्थापनामा पठाउनेहरुले, सम्भव भएसम्म, उनीहरुको भाषा र संस्कृति पहिल्यैबाट जानेकाहरुलाई त्यस झुण्डमा समावेश गर्नु राम्रो हुन्छ ।

छानिएको क्षेत्र अनि जिल्ला वरिपरि आत्मिक गुणन गर्ने मण्डलीहरु स्थापना गर्ने योजना गर्नुहोस् । तपाईका दूरदर्शी योजनासित सहमत हुँदै अघि बढ्नोस् ।

भविष्यमा गरिने मण्डली गुणनबारे परिभाषाको निम्ति सल्लाहहरु

- भविष्यमा स्थापित गरिने मण्डलीलाई देखाउने गरी एक सरल मानचित्र तयार पार्नुहोस् ।

  मानचित्रमा आमा मण्डलीहरुलाई देखाउनु होस्, अनि त्यहाँबाट कुन कुन समुदायहरुमा छोरी मण्डलीहरु स्थापित गर्न चाहनुहुन्छ सो देखाउन तीरहरु खिँच्नुहोस् ।

ती तीरहरुको छेऊमा आमा मण्डलीहरुबाट आउने सहयोगीहरुको नाउँ लेख्नोस् । ती नयाँ समुदायहरुको नजीकमा ती व्यक्तिहरुको नाउँ लेख्नोस् जो त्यही बस्छन् अनि सघाउलान् ।

- चित्रलाई पुनरावलोकन गर्नोस्, जसले अगुवा तालीम वृद्धिको प्रक्रियालाई देखाउन सकोस् ।



तपाईले तालीम दिनुभएका अगुवाहरुले फेरि अरु मण्डलीहरु स्थापित गर्नेछन्, अनि ती नयाँ मण्डलीहरुमा नयाँ अगुवाहरुलाई तालीम दिनेछन् ।

- छोरी मण्डलीहरुबाट ती ठाउँहरुमा तीरहरु खिँच्नुहोस् जहाँ उनीहरुले नातिनी मण्डलीहरु स्थापित गर्न सक्नेछन् ।

  मानचित्रमा तपाईको योजनालाई परमेश्वरले परिवर्तन गराउन अथवा भविष्यमा अरु विवरण थप्न सक्नु हुन्छ ।

लक्ष्यको सारांश

मण्डलीको गुणनवृद्धिलाई ध्यानमा राखी कुन तरिका अप्नाई कहाँ मण्डली स्थापित गर्नु पर्ने हो त्यसको निम्ति प्रार्थना र योजना गर्नुहोस् ।

"अन्त्यमा भाइ हो, हाम्रा निम्ति प्रार्थना गर, ताकि प्रभुको वचन शीघ्रतासाथ फैलियोस् र विजयी होस, जसरी तिमीहरुका माझमा भएको पनि थियो ।" (२ थिस्सलोनिकी ३:१)

निर्देशन २
मण्डली स्थापना गर्नेहरु तयार पार्नोस्

लक्ष्य

- झुण्डका सदस्यहरुमा भएको आत्मिकी वर दानहरुअनुसार मण्डली स्थापना गर्नेहरु तयार पार्नोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(प्रार्थना झुण्डलाई मण्डली स्थापनाको निम्ति प्रार्थनाको गरि दिनको लागि बिन्ती गर्नोस् अनि उनीहरुलाई अरु प्रार्थनाका विषयहरु पनि बताइदिनोस्)।

ख्रीष्ट र उहाँका प्रेरितहरुले कहिल्यै पनि एकलै काम गरेनन् । उनीहरुले मण्डली स्थापनाको निम्ति झुण्डहरु खडा गरे जो केही समयको निम्ति विभिन्न ठाउँहरुमा जान्थे । उदाहरणको लागि, पत्रुस अरु सहयोगीहरुसित सिजरियामा सुसमाचार प्रचारको निम्ति गए (प्रेरित १०:२३)। पावल, बर्णबास अनि मर्कूस यूहन्ना एन्टियोकबाट गए । पहिलो झुण्डले कुनै एक ठाउँमा प्रशस्त सुसमाचार प्रचार ताकि केही विश्वासीहरुको झुण्ड तयार हुनसकोस् । दोस्रो झुण्डले चाहिँ मुख्य गरी नयाँ मण्डलीका नयाँ अगुवाहरुलाई तालीम दिन्छन् ।

मण्डली स्थापना झुण्ड तयार पार्नको लागि प्रस्तावित कार्यक्रमहरु

- खेतालाहरु पठाइदिनको लागि प्रभुसँग प्रार्थना गर्नोस् ।

झुण्डमा चाहिने असल कार्यकर्ताहरुको निम्ति प्रार्थना गर्न आमा मण्डलीलाई पनि बिन्ती गर्नोस् । उहाँसंग लाग्नुपर्ने चेलाहरु छान्नुभन्दा अघि प्रभु येशू ख्रीष्टले र ातभरि प्रार्थना गर्नुभयो ।

- मण्डली स्थापनाको निम्ति लाभदायक वरदानहरु भएका झुण्ड सदस्यहरु पत्ता लाएर भेला गर्नोस् ।

  यसमा निम्न वरदानहरु पर्नसक्छन्: प्रेरित, प्रचारक, निको पार्ने, अनि दया देखाउने । विभिन्न वरदानहरु भएका अनि मिलेर काम गर्नेहरुबाट धेरै हासिल गर्न सकिन्छ ।

- नयाँ मण्डलीको अघि उभिएर प्रचार मात्र गर्न चाहनेहरुलाई निम्त्याउन छोड्नु होस् ।

  मानिसहरुलाई गोठालाको खुबी अनि प्रेम प्रदर्शन गर्नसक्ने गुण अति आवश्यक पर्दछ । सहकर्मीहरुलाई मण्डली स्थापना झुण्डका सदस्यहरु भएर गर्नु पर्ने जिम्मेवारीहरु बुझाइदिनोस् । जब उनीहरुलाई यो थाहा हुन्छ कि उनीहरुलाई प्रचार गर्न निम्त्याइँदैन, तब उनीहरु स्वतः छोड्नलाई तयार हुनेछन् ।

- चेला बनाउन चाहनेहरु भेला गरी तयार पार्नोस् । चेलाहरु जसले येशूका यी आज्ञाहरु पालन गर्दछन्:

  - पश्चाताप गर्नु, विश्वास गरी पवित्र आत्मा पाउनु (मानिसहरुले यी सब गर्नु अघि उनीहरुलाई हामीले सुसमाचार बुझाइदिनैपर्छ)।

  - बप्तिस्मा लिनु अनि यसबाट शुरुवात हुने नयाँ अनि पवित्र जीवन जिउनु ।

  - सह-विश्वासीहरुसित प्रेमिलो संगति गर्दै रोटी भँचाइ गर्नु ।

  - परमेश्वर र मानिसहरुलाई व्यावहारिक रुपमा प्रेम गर्नु (खाँचोमा पर्नेहरुको सेवा गर्नु), अनि शत्रुहरुलाई क्षमा गर्नु ।

  - दिनहुँ प्रार्थना गर्नु ।

  - उदारचित्तले दिनु ।

- चेलाहरु बनाउनु (ख्रीष्टको निम्ति साक्षी दिनु, बगालको गोठाला बन्नु, अगुवाहरुलाई तालीम दिनु अनि मिसनेरीहरु पठाउनु)।

- सम्भव भएमा, जुन पृष्ठभूमिका मानिसहरुकहाँ मण्डली स्थापित गर्न चाहनुहुन्छ, त्यही पृष्ठभूमिका झुण्ड सहकर्मीहरु भेट्टाउनु होस् ।

  त्यही पृष्ठभूमि भएका मण्डली स्थापना गर्ने झुण्डहरुले लक्षित वर्ग (अर्थात जसमध्ये मण्डली स्थापना गर्दैछन् तिनीहरु) लाई राम्ररी अनि अरु प्रभावशाली ढङ्गमा बुझाउन सक्छन् ।

- तपाईसंग मिली काम गर्न चाहने मण्डली स्थापना गर्ने झुण्डका सहकर्मीहरुको नाउँ लेख्नोस्:

_____

_____

_____

_____

तपाईको प्रथम झुण्ड सभाको निम्ति प्रस्तावित कार्यक्रमहरु

- प्रेरितीय अभ्यासमा चाहिँ सुसमाचार प्रचार गर्दा दुइ दुइ जना गरेर अथवा ससाना झुण्डहरुमा पठाइन्थ्यो भनेर मण्डली स्थापना गर्ने झुण्डलाई बुझाइदिनु होस् ।

  जब सुसमाचार सुनाइन्छ अथवा परामर्श प्रदान गरिन्छ, पुरुषहरुले पुरुषहरुसित अनि स्त्रीहरुले स्त्रीहरुसित गर्नु पर्छ ।

- जब तपाईले मण्डली स्थापना गर्ने आफ्नो झुण्डलाई भेट्नुहुन्छ, प्रार्थना गर्नोस् अनि यस निर्देशिकामा भएको बाह्रसुत्रीय निर्देशनहरुलाई पुनरावलोकन गर्नुहोस् ।

  तपाईका योजनाहरु अनि तरिकाहरुसित सबै सहकर्मीहरु सहमत हुन्छन् भनी निश्चित हुनुहोस् । अरु धेरै मण्डलीहरु गुणन गर्नको निम्ति दूरगामी योजनाहरु तयार पार्नोस् ।

- मण्डली स्थापना गर्ने झुण्डलाई यो कुरो सूचित गर्नोस् कि उनीहरु झुण्डको हैसियतमा निरन्तर भेट गर्नेछन् ।

मण्डली स्थापना गर्ने झुण्डका सदस्यहरु एकाअर्काको लागि अनि जसलाई लक्ष्य गरिएको छ उनीहरुको लागि प्रार्थना गर्न, साथै तिनीहरुको योजनालाई मितिअनुरुप लेख्न भेला हुनुपर्छ । हरेक सहकर्मीले कसलाई सुसमाचार प्रचार गरिरहेको छ अथवा चेला बनाइरहेको छ अनि उसको प्रगति अथवा समस्याहरुको प्रतिवेदन दिनेछ ।

- मण्डली स्थापना गर्ने झुण्डका विवाहित सदस्यहरुले आफ्ना पत्नीसंग उसको कामबारे बातचीत गरुन् ।

  यसरी उसकी पत्नी सेवकाइमा प्रत्यक्ष अथवा प्रार्थनाद्वारा सहभागी बन्नसक्ने छ । सहकर्मीहरुले आफ्ना परिवारसित प्रशस्त समय व्यतीत गरुन् भनी प्रोत्साहन दिनुहोस् । मण्डली स्थापनाको निहुँमा भएको पारिवारिक कलहले परिवार तथा नयाँ मण्डली दुवैलाई खतरामा पार्नेछ ।

- कसले नयाँ मण्डलीको अगुवाइ गर्नेछ भनी निर्णय गर्नोस् ।

तपाईले स्थानीय अगुवाहरुलाई तालीम दिनुहुन्छ कि मण्डली स्थापना गर्ने झुण्डका सदस्यहरुमध्येबाट मुख्य अगुवा बन्नेछ ?

- एक समारोहसाथ मण्डली स्थापना गर्ने झुण्डलाई पठाउने काम गरियोस् ।

  एन्टियोकको मण्डलीले प्रार्थना र उपवासपछि पावल र बर्णबासमाथि हात राखी प्रार्थना गरेर पठाएका थिए (प्रेरित १३:१-३)। यो परियोजना अनि यसका उद्देश्यहरुबारे आमा मण्डलीलाई बुझाइदिनोस् ।

केही थप साधारण सल्लाहहरु

हुनसक्छ भने, मानिसहरुले जुन भाषामा चाहन्छन्, तिनै भाषामा नयाँ करार अथवा पूर्ण बाइबल उपलब्ध गराउनोस् ।

आफ्ना सहकर्मीहरुको आत्मिकी वरदानहरु प्रयोग हुने गरी उनीहरुलाई जिम्मा दिनोस् । अरुसित मिल्न नसक्ने सहकर्मीसित अलिक कडा अनुशासन प्रयोग गर्नोस् ।

लक्ष्यको सारांश

तपाईको झुण्डलाई हुर्काउने व्यवस्था मिलाउनोस्।

"उहाँका वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पाष्टरहरु र कोही शिक्षकहरु बनून्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्...."

(एफिसी ४:११-१२)

निर्देशन ३
मानिसहरुलाई चिन्नोस् अनि प्रेम गर्नोस्



लक्ष्य

- मानिसलाई चिन्नोस् अनि प्रेम गर्नोस् । यदि तपाईले यसो गर्नुहुन्न भने, सुसमाचारीय कार्यको प्रगति हुनेछैन ।

- कसलाई सबभन्दा पहिले सुसमाचार प्रचार गर्ने हो, निर्णय गर्नोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(तपाईले जसको माझमा मण्डली स्थापित गर्न खोजिरहनु भएको छ तिनीहरुकोबारेमा मानिसहरुलाई थाहा होस् भनी प्रार्थनाको झुण्डलाई प्रार्थना गर्न लगाउनोस् अनि उनीहरुलाई अरु प्रार्थनाका विषयहरुको बारेमा पनि सूचना दिनोस्)।

एथेन्समा, पावलले त्यो शहरलाई राम्ररी नियाले । तब उनले ती मानिसहरुसित उनीहरुले बुझ्ने भाषामा प्रचार गरे (पढ्नोस् प्रेरित १७:१६-३४)। यदि हामीले पनि हाम्रा मानिसहरुलाई राम्ररी चिनेका छौं भने हामी पनि अझ प्रभावशाली ढङ्गमा सुसमाचार प्रचार गर्नसक्नेछौं ।

जरुरी: यदि तपाई मण्डली स्थापना गर्ने झुण्डका अगुवा हुनुहुन्छ भने, कोही दक्ष व्यक्ति नजान्ने सहकर्मीहरुको निम्ति नमूना भइदिन्छ ।

प्रस्तावित प्रारम्भिक क्रियाकलापहरु

- जसै मण्डली स्थापना गर्ने झुण्ड मण्डली स्थापनाको निम्ति समुदायमा पुग्न थाल्छ, अन्तर-सांस्कृतिक

मिसनहरुसित सम्बन्धित निम्न अवस्थाहरुलाई बिचार गर्नुपर्दछः

मानिसहरु त्यही संस्कृति र स्तरका व्यक्तिहरुसित सामेल हुन रुचाउँछन् । (तर कुनै समुदायमा अरु धेरै जातिहरु अघि नै आपसमा घुलमिल भइसकेको छ भने कुनै समस्या पर्नेछैन ।) जब मानिसहरु परिवर्तन हुन्छन्, हामीले उनीहरुलाई अरु झुण्डका मानिसहरुलाई प्रेम गर्न र सहयोग गर्न तिनीहरुको कर्त्तव्य हो भनी सिकाउनुपर्छ ।

उदाहरणको लागि, तपाईले एकै ठाउँमा दुइ झुण्डहरु पाउनुहुन्छ जो भिन्दा भिन्दै भाषाहरु बोल्दछन् । उनीहरु भिन्दा भिन्दै समुदायहरु भएको हुनाले, पहिला एउटा मात्र समुदायमाथि ध्यान लाउनोस् । सुसमाचार झुण्डभित्र स्थापित गरिएको मित्रता र भरोसाद्वारा फैलिँदै जान्छ । सारा झुण्डमा सुसमाचार पुऱ्याउन यो सम्बन्धलाई बढाउँदै लानुहोस् । अर्को मण्डली स्थापना गर्ने झुण्डको अर्को टीमले अर्को समुदायसंग काम गर्न सक्नेछ ।



- मानिसहरुको खाँचो र तरिकाहरु जान्नको निम्ति मण्डली स्थापना गर्ने झुण्डलाई परमेश्वरले सहायता गरुन् भनी प्रार्थना गर्नोस् ।

कसरी देवताहरु पुजिरहेका अन्यजाति मानिसहरुको ध्यान पावलले खिँच्न सके भनी प्रेरित १७:१६-३४ बाट सहकर्मीहरुलाई बुझाइदिनोस् ।

- मानिसहरुलाई चिन्न र प्रेम गर्नको निम्ति तिनीहरुसित भेटघाट गर्नोस् । उनीहरुसित राम्ररी सम्बन्धित हुनको निम्ति उनीहरुबारे जानकारीहरु लिनोस् ।

कुनै विशेष झुण्डका मानिसहरुसित नजीकको बन्नको लागि सल्लाहहरु

- कति ठाउँहरुमा, मण्डली स्थापना गर्ने झुण्डका सदस्यहरु त्यस क्षेत्रमा सररर हिँडेर मानिसहरुको बारेमा खोजी गर्लान् ।

  उदाहरणको लागि, यदि धेरै मानिसहरुले पिउने काम मात्र गरिरहेका छन् भने तपाईले आफैलाई सोध्नोस्, "यसले मलाई कस्तो सन्देश दिइरहेछ ? के यहाँको समस्या मदपान हो ?" तरै पनि मानिसहरुको न्याय अथवा तिनीहरुलाई दोषी ठहराउने काम नगरिहाल्नोस् । प्रार्थना गर्नोस् अनि ती मानिसहरुलाई कसरी सहयोग गर्न सकिन्छ भनी स्थितिको अध्ययन गर्नोस् ।

- तपाईका मण्डलीका अरु सदस्यहरु तथा सहकर्मीहरुका आफन्तहरु अनि साथीहरुलाई भेटघाट गर्नोस् ।

- “खोजी गर्ने” को रुपमा होइन, तर सिक्न चाहनेको रुपमा नम्रतापूर्वक तिनीहरुको मित्रताको चाहना गर्दै छिमेकीहरुसित कुराकानी गर्नोस् ।

  मानिसहरुसित तिनीहरुका घरहरु, व्यवसायहरु, बजार हरु, बसहरु, पार्कहरुमा कुराकानी गर्नोस् । धेरैभन्दा धेर लाई चिन्नोस् । बढो सचेत भएर प्रश्नहरु सोध्नोस् । होशियारीसाथ सुन्नोस् । तिनीहरुको खाँचो र समस्याहरुबारे भन्नलाई प्रोत्साहित गर्नोस् ।

- त्यसपछि, कुनै महत्त्वपूर्ण जानकारीहरु पाउनुभयो भने लेखिराख्नोस्, अनि आफ्ना सहकर्मीहरुसित छलफल गर्नोस् ।

- इसाईको नाताले भाग लिनसकिने सामुदायिक कार्यक्रमहरुमा भाग लिनोस् ।

- मण्डली स्थापना गर्ने झुण्डले प्रश्नावलीहरु बनाएर घर घर गई सोध्नु सक्छन् ।

आवश्यक भए, समुदायका अगुवासंग अनुमति माग्नोस् । प्रश्नावलीद्वारा मानिसहरुको स्वभावलाई जान्न सकिन्छ । तर, प्रश्नावलीहरुले नकारात्मक प्रतिक्रियाहरु पनि ल्याउन सक्छन् । कति समाजहरुमा त मानिसहरुले के सोच्छन् भने उनीहरुले दिएका उत्तर तपाईहरुले उनीहरुकै अघि लेख्नुभयो भने ती सूचनाहरु तपाईहरुले उनीहरुको विरुद्धमा प्रयोग गर्नुहुनेछ भनी उनीहरु सोच्दछन् । यस्तो अवस्था भए, अनुसन्धानमा निपुण व्यक्तिको सल्लाह पनि लिनोस् ।

मानिसहरुको बारेमा सिक्नुपर्ने कुराहरु

यी सूचनाहरु कसरी पाउनुपर्ने हो त्यसबारे होशियारी बन्नोस् । कति समाजहरुमा त परदेशीहरुलाई व्यक्तिगत कुराहरुको बारेमा सोध्ने अनुमति नै हुँदैन ।

धर्मबारे प्रश्नहरु

तिनीहरुको धर्मसम्बन्धी ज्ञानको सूचनाका आधारमा उनीहरुले बुझ्नसक्ने गरी हामी प्रभु येशू ख्रीष्टबारे उनीहरुलाई बुझाउनसक्नेछौं ।

उनीहरुको धर्म के हो ? _____

के तिनीहरुले आफ्ना संस्कृतिको रुपमा अरु विधिहरु (उदाहर णको लागि, मृत व्यक्तिहरुलाई प्रार्थना गर्ने आदि) गर्दछन् ?

_____

किन उनीहरुले यी अरु विधिहरु पालन गर्दछन् ?

_____

उनीहरुले परमेश्वरको बारेमा के विश्वास गर्दछन् ?

_____

कुन तरिकाद्वारा उनीहरुले उहाँलाई पुज्दछन् ?

_____

तिनीहरुको आत्मिकी जीवनको निम्ति उहाँले के सोच्नुभएको छ भनी उनीहरु विश्वास गर्छन् होला ?

उनीहरुले स्वर्गको बारेमा के विश्वास गर्दछन् ?

उनीहरुले नरकको बारेमा के विश्वास गर्दछन् ?

उनीहरुले अनन्तको बारेमा के विश्वास गर्दछन् ?

उनीहरुले शैतान (दुष्ट शक्ति) अनि दुष्ट आत्माहरुको बारेमा के विश्वास गर्दछन् ?

के उनीहरु तिनीहरुसंग डराउँछन् ? _____

संसार कसरी बनियो भनी उनीहरु के विश्वास गर्दछन् ?

मृत्युपछि के हुनेछ भनी उनीहरु विश्वास गर्दछन् ?

उनीहरुको पुर्खाहरुको आत्माको बारेमा उनीहरु के विश्वास गर्दछन् ?

_____

_____

मृतहरुको आत्मा (भूतप्रेत)ले उनीहरुलाई भेट्न आउँछन् भन्ने सम्बन्धमा उनीहरु के विश्वास गर्दछन् ? _____

उनीहरुले बाइबलको बारेमा के कति जान्दछन् ?

_____

_____

उनीहरुले बाइबलबाट के कति सिकिसकेका छन् ?

_____

के उनीहरुले यसलाई निरन्तर पढ्दछन् ? _____

सबै मानिसहरुले पाप गरेका छन् भनी के उनीहरु मान्न तयार छन् ? _____

पाप चाहिँ परमेश्वर र मानिसहरुको विरुद्धमा गरिन्छ भन्ने कुरा के उनीहरु विश्वास गर्दछन् ? _____

यदि उनीहरु मण्डलीमा जान्छन् भने, उनीहरुले त्यहाँ के पाउन चाहन्छन् ? (मित्रता, बाइबलको शिक्षा, खीष्टमा मुक्ति, भौतिक सहयोग, अरु के के)?

_____

_____

_____

उनीहरु उपस्थित भएका मण्डलीहरुका के के अवगुणहरु उनीहरुलाई मन नपरेको होला ?

_____

_____

_____

कुनै आकस्मिक घटना (भुइँचालो, इत्यादि) भएमा, उनीहरुले कसलाई प्रार्थना गर्छन् होला ?

अरु कुन परिस्थितिहरुमा उनीहरुले प्रार्थना गर्ने गर्दछन् ?

कन्ये मरियम अथवा सन्तहरु अथवा संसारको आत्मासित अन्तर्विन्ती गर्ने सम्बन्धमा उनीहरुले के विश्वास गर्दछन् ?

हाल उनीहरुले मानिरहेको धर्ममा उनीहरुले कुन कुरोलाई बढी महत्त्व दिन्छन् थाहा गरिराख्नोस् ताकि पछि कसरी येशूले ती खाँचोहरु पुरो गरिदिनुहुन्छ भनी राम्रोसंग बुझाउन सक्नुहुनेछ ।

खाँचोहरुको बारेमा प्रश्नहरु

यदि तपाईले मानिसहरुको खास खाँचोलाई चिन्नुभयो भने, त्यही खाँचोलाई पुरा गर्नुहुने व्यक्तिको रुपमा तपाईले प्रभु येशू ख्रीष्टलाई प्रस्तुत गर्नसक्नुहुनेछ। कतिपय खाँचोहरु ता आत्मिकी समस्याका चिन्हहरु हुन्। उदाहरणको लागि: मृत्युको डर, बिरामीपन अथवा युद्ध, उनीहरुलाई कसैले प्रेम गर्दैनन् अथवा यो जीवनको कुनै अर्थ छैन भनेर एकलो महसूस गर्नु। (अरु खाँचो अथवा समस्याहरु यस प्रकारका हुनसक्छन्: बेकारीपन, मदपान, दुर्व्यसन, अन्याय, हिंसा, विवाह र पारिवारिक संघर्ष, अनपढ, औषधि-उपचारको अभाव, पौष्टिक भोजनको अभाव)।

मानिसहरुमा भएका सबभन्दा साधारण समस्या र आवश्यकताहरु के के हुन् ?

कुन प्रकारका नोकरीधन्दाहरु उनीहरुमा बढी चल्ती छ ?

_____

_____

मानिसहरुको आर्थिक स्तर के छ ?

- ☐ गरीब
- ☐ बेकारी
- ☐ कम ज्याला पाउने
- ☐ कृषकहरु
- ☐ मध्यम वर्गीय
- ☐ उच्च वर्गीय
- ☐ अरुहरु _____

नयाँ विश्वासीहरुले अरुहरुलाई साक्षी दिनेछन् । तपाई अथवा तपाईका सहकर्मीहरुले सुसमाचारको निम्ति असल नमूना दिनेछन् ताकि उनीहरुले सजिलै अनुकरण गर्न सक्नेछन् ।



सामुदायिक अगुवाहरुको बारेमा प्रश्नहरु

समुदायमा महत्त्वपूर्ण निर्णय लिने आदरणीय अगुवाहरुसंग सम्पर्क राख्नोस् । (तर कतिपय प्रतिबन्धित क्षेत्रहरुमा त यस्ता अगुवाहरु निकै विद्रोही हुन्छन् ।) वृहत क्षेत्रहरुमा, प्रभावशाली व्यक्तिहरुलाई भेट्ने प्रयास गर्नोस् (उदाहरणको लागि, शहर अनि स्कूलका अगुवाहरु)। यदि यस्ता व्यक्तिहरु परिवर्तन भएमा अरुहरुले तिनीहरुलाई पछ्याउँछन् । तिनीहरुको सहयोग र सल्लाह माग्नोस्, अनि तिनीहरुको विश्वास र सहायतालाई जित्नोस् । उनीहरुलाई साक्षी दिनोस् । उनीहरु नयाँ मण्डलीमा अगुवाहरु बन्न सक्छन् । सम्भव भएमा, उनीहरु मार्फत काम गर्नोस् ।

समुदायका अगुवाहरु को को हुन् ? (उनीहरुको ठेगाना अनि भूमिकाहरु पनि लेखिराख्नोस्)।

नाउँ ठेगाना भूमिका

कुन रुपमा समुदायका अगुवाहरुले तपाईलाई सहयोग गरे ?

संस्थाहरुसम्बन्धी प्रश्नहरु

शहर अनि नगर तथा ठूल्ठूला गाउँहरुमा, खेलकूद क्लब जस्ता अरु धेरै संस्थाहरु हुन्छन् । यी झुण्डहरु एउटै अभिरुचीका कारण भेला हुन्छन् । कहिले-काहीँ मानिसहरुलाई चिन्नको निम्ति पनि कुनै संस्थामा दाखिल हुनु खाँचो देखिन्छ । यी संस्थाहरुका सदस्यहरुसित नजीकको मित्रता कायम गर्नोस् जसको फलस्वरुप तपाईले सुसमाचार फैलाउन सक्ने गरी मानिसहरुलाई चिन्नु हुनेछ । जहाँ मित्रता र भरोसाको अस्तित्व हुन्छ, त्यहाँ सुसमाचार प्रचार अझ प्रभावशाली बन्दछ ।

त्यस क्षेत्रमा कुन प्रकारका संस्थाहरुले काम गरिरहेका छन् ?

- कुन संस्थाहरुसंग मिली सुसमाचार प्रचार गर्न सकिन्छ अनि आफ्नो साक्षीसंग सम्झौता नगरी कुनै इसाईले काम गर्न सक्छ, त्यस्तो संस्थाको नाउँमा चिन्ह लगाइर ाख्नोस् ।

अहिले जुन जानकारीहरु तपाईले बटुल्नुभएको छ, त्यसमध्येका समस्याहरुलाई चिनिराख्नोस् जसको निम्ति प्रार्थना गर्नु जरुरी छ:

त्यहाँका मानिसहरु अनि तिनीहरुको स्थानीय संस्कृतिसित मिल्दोजुल्दो खाँचोसित व्यवहार गर्नलाई तपाईसित के के योजनाहरु छन् ?

लक्ष्यका सारांश

मानिसहरुसित परिचित हुनुहोस् अनि समुदायमा भएका मुख्य व्यक्तिहरुसित सम्बन्ध स्थापित गर्नोस् ।

"त्यसपछि तिनी एथेन्सबाट बिदा भएर कोरिन्थमा गए । तिनले पोन्टस-निवासी अकिलास नाउँ भएका एक जना यहूदीलाई भेटे । तिनी आफ्नी पत्नी प्रिस्किलासंग इटालीबाट आएका थिए,.... एकै पेशाका हुनाले तिनी पनि उनीहरुसंगै बसे, र काम गरे ....।"

(प्रेरित १८:१-३)

निर्देशन ४
खीष्टको विजय दाबी गर्नोस्

लक्ष्य

- मण्डली स्थापना गर्ने झुण्डको रुपमा, गम्भीर प्रार्थनाद्वार । आत्मिकी संघर्ष लड्न थाल्नोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(तपाईको प्रार्थना गर्ने झुण्डलाई मण्डली स्थापना टीमको आत्मिकी संघर्षको निम्ति प्रार्थना गरिदिन अनि अरु प्रार्थनाका विषयहरु पठाइदिनोस्)।

"किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टचाइँका आत्मिक सेनाहरुका विरुद्ध हो । यसैकारण पर मेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्नसक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।"

(एफिसी ६:१२-१३)

हामीहरुको विजय ता “थुमाको रगत” द्वारा आउँछ (प्रकाश १२:११)। यही रगतद्वारा हामीले शैतानको शक्तिबाट छुटकारा पाएका छौं (कलस्सी २:१५, हिब्रू २:१४-१५)। उहाँको पुनरुत्थानमा, हाम्रा प्रभु येशू “शक्तिमा परमेश्वरको पुत्र” घोषित हुनुभयो (रोमी १:४)। हामीहरुको प्रार्थना (“तपाईको राज्य आओस्....) अनि हाम्रो सुसमाचार प्रचारद्वारा, हामीले समुदायमा परमेश्वरको राज्य विस्तार गर्दछौं ।

प्रार्थनाद्वारा आत्मिकी संघर्षमा सहभागी हुनको निम्ति सल्लाहहरु

- मण्डली स्थापनाको निम्ति प्रार्थना गर्ने झुण्डसित मिली प्रार्थना गर्नोस् (अनि भयो भने उपवास बस्नोस्)।

  शैतानको शक्तिलाई तोड्नको निम्ति प्रार्थना गर्नोस् अनि त्यसले ओगटेको भूमिमा आक्रमण गर्नोस् । साथै, धेरै मानिसहरुले परमेश्वरको उद्धार पाऊन् भनी प्रार्थना गर्नोस् ।

  बाइबलमा, परमेश्वरका जनहरुले ठूला ठूला विजयहरु हासिल गर्नुभन्दा अघि प्रार्थना गर्ने र सकेसम्म उपवास

बस्ने अनुशासन पालन गरेको देखिन्छ । हामीले प्रार्थनाद्वारा हाम्रो सुसमाचार प्रचारलाई बलियो पार्नुपर्छ । हरेक क्षेत्र र शहरमा, शैतानिक शक्तिहरु छन् जसले मानिसहरुलाई दबाउने र प्रभावमा पार्ने काम गरिरहेका हुन्छन् । फलस्वरुप, तिनीहरुले ख्रीष्टलाई प्रभु भनेर ग्रहण गर्नसक्तैनन् (२ कोरन्थी ४:४)। हाम्रो प्रार्थनाको प्रत्युत्तरमा परमेश्वरले यी बन्धनमा भएकाहरुलाई स्वतन्त्र पार्नुहुनेछ ।

- रातभरको प्रार्थना, साथै उपवाससहितको प्रार्थनाहरुको आयोजना गर्नोस् ।

- तपाईको आमा मण्डलीलाई तपाईको मण्डली स्थापनासम्बन्धी कामबारे जानकारी दिनोस् अनि तिनीहरुले अन्तर्विन्तीमा उचाल्नेछन् ।

- मण्डली स्थापना गर्नेहरु भएर पवित्र जीवनको नमूना प्रस्तुत गर्नोस्, जो हाम्रो आत्मिक हतियारका एक प्रमुख भाग हो (एफिसी ६:१०-२०)।

जुनसुकै तरिका अप्नाए पनि, तपाईका सहकर्मीहरुले सुसमाचार सुन्नुपर्ने मानिसहरुको लागि अन्तर्विन्ती गरिरहेका छन् भनी निश्चित हुनुहोस् ।

यस प्रकारको आत्मिकी संघर्षलाई जनाउन के गरिरहनु भएको छ ?

लक्ष्यको सारांश

आत्मिकी संघर्षको निम्ति प्रार्थनाको आयोजना गर्नोस् ।

"किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टचाइँका आत्मिक सेनाहरुका विरुद्ध हो । यसैकारण पर मेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्नसक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।"

(एफिसी ६:१२-१३)

निर्देशन ५
परमेश्वरलाई खोज्ने मानिसहरु भेटाउनुहोस् ।

लक्ष्य

- सुसमाचारप्रति खुल्ला भएका मानिसहरु, विशेषगरी घर ानाका मूल व्यक्तिहरुसित सम्पर्क गर्नोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(प्रार्थनाका झुण्डलाई सुसमाचारमा खुल्ला मानिसहरु, विशेष गरी घरका मूल व्यक्तिहरु, मण्डली स्थापना गर्ने सहकर्मीहरुले पाउन सकून् अनि अरु विषयहरु पनि भए प्रार्थना गरिदिऊन् भनी सूचना पठाइदिनोस् ।)

"तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने "हामीले मसीहलाई (जसको अर्थ हो ख्रीष्ट) भेट्टाएका छौं ।" अनि तिनले सिमोनलाई येशूकहाँ ल्याए ।"

(यूहन्ना १:४१-४२)

यदि तपाईसित अघिबाटै अभिरुची लिने व्यक्तिहरु भए, अर्को निर्देशन पालन गर्न अघि बढ्नोस् ।

सुसमाचारमा अभिरुची लिने व्यक्तिहरुसित सम्पर्क गर्नको निम्ति सल्लाहहरु

- सुसमाचारमा अभिरुची लिने मानिसहरु खोज्दै धेरैभन्दा धेरै व्यक्तिहरुसित सम्पर्क गर्नोस् ।

जसरी जालहारीले धेरै माछाहरु समात्ने लक्ष्य राखी आफ्नो जाल ठूलो गरी फिँजाउँछ, तपाई र तपाईका सहकर्मीहरुले पनि अभिरुची लिने अधिकतम मानिसहरुसित सम्पर्क गर्नुपर्दछ। पछिबाट हामीले जाल तान्ने काम गर्नुपर्दछ। (मत्ती ४:१९, प्रेरित १७:३२-३४)।

बातचीत मार्नलाई अथवा मनोरञ्जन गर्नलाई मानिसहरु अक्सर गरी कहाँ भेट्ने गर्दछन् ?

_____

के तपाईले तिनीहरुसित त्यहाँ बात गर्न सक्नुहुन्छ ?

_____

- परिवारहरुलाई भेट्नोस् अनि भेट्न जाँदा उनीहरुले चिनेका मानिसहरु लिएर जानोस्। यसो गर्दा उनीहरुले बढी भरोसा गरी तपाईलाई झन खुल्ला हृदयले स्वागत गर्नेछन्।

  सम्भव भएमा, एक माननीय व्यक्तिलाई छिमेकीमा तपाईसंग साथी भएर गइदिनको निम्ति अनुरोध गर्नोस्।

उनी इसाई नै नभए तापनि, उनले ढोकाहरु खोल्नको लागि मदत पुऱ्याउनेछ। जब तपाईले मानिसहरुसित सम्पर्क गर्नुहुन्छ, खाँचोमा परेकाहरुलाई खीष्टको प्रेम देखाउनु होस्। बिरामीहरुको लागि प्रार्थना गरिदिनुहोस्।

- सुसमाचार सुन्न चाहने घरानाहरुका मूल व्यक्तिहरुलाई नै ताक्नु होस्।

घरानाका मूल व्यक्तिहरुलाई ताक्नु भनेको उनको सारा परिवार तथा सम्पूर्ण समुदायलाई येशू खीष्टमा डोऱ्याउनु हो। यदि हामीले घरको मूल व्यक्तिलाई पन्छाउँछौं भने, हामीले सुसन्देश सुन्नु पर्नेहरुबीच विभाजन र वाधाहरु सिर्जना गरिरहेका हुनेछौं। घरका मूल व्यक्ति प्रभुमा आएदेखि, उनीहरुमध्येबाट नै मण्डलीका अगुवाहरु हुन सक्नेछन्।

कुन बेला घरका मूल व्यक्तिहरुलाई घरमा भेट्न सकिन्छ ?

- सबै प्रकारका माटाहरुमा बिऊ छरौं, तर असल फसल दिने जस्ताहरुलाई मात्र ध्यान दिएर गोडमेल गरौं । (मत्ती १३:४-८, १८-२३)

  विरोधको प्रतिक्रिया देखाउने अथवा अभिरुची नलिनेहरुलाई बढी समय नदिनुहोस् (मत्ती ७:६)। पावल अन्यजातिहरुतर्फ लागे किनकि उनीहरु यहूदीहरुभन्दा बढी खुला थिए (प्रेरित १८:६)।

- एक बलियो मण्डली स्थापना गर्नु हो भने, छिमेकीमा भएका सारा परिवारहरुलाई प्रभुमा जित्नोस्, एकलो एकलोहरुलाई मात्र होइन ।

  सम्पूर्ण समुदायहरुलाई येशू ख्रीष्टमा डोऱ्याउने चाबी नै सारा परिवारहरु हुन् । यदि हामीले एकलो एकलो व्यक्तिलाई प्रभुमा डोऱ्याउँछौं अनि उनीहरुलाई परिवार बाट अलग पार्छौं भने, हामीले सुसन्देश सुन्नु पर्नेहरुबीच विभाजन र वाधाहरु सिर्जना गरिरहेका हुनेछौं । तपाईले धेरै परिवारहरुलाई सुसमाचार सुनाउने योजना गर्नुपर्दछ ।

- परमेश्वरको पुत्रलाई महिमा दिने गरी साक्षी दिइनुपर्दछ ।

कहिले-काहिँ, इसाईहरुले ख्यालठट्टे तरिकाहरु अप्नाएर नकारात्मक प्रतिक्रियाहरु जन्माएका छन् । यी सांसारिक मानवीय उपायहरुले मानिसहरुलाई सुसन्देशबाट टाडो लैजान्छ अनि परमेश्वरको चरित्र र तरिकाहरुलाई खिसी गर्ने काम गरिरहेका हुन्छन् ।

- नयाँ विश्वासीहरुले तपाईलाई सजिलैसंग अनुकरण गर्नसक्ने गरी सुसमाचारका तरिकाहरु अप्नाउनु होस् ।

  भविष्यमा, जसलाई तपाईले खीष्टमा डोऱ्याउनुहुन्छ उसले अरुहरुलाई सुसन्देश बाँड्नुपर्दछ । यदि तपाईले धेरै महङ्गो अथवा गाह्रो तरिका अप्नाउनुभयो भने, नयाँ मण्डलीका विश्वासीहरुले तपाईको नमूना पछ्याउन साह्रो पर्छ । अरुहरुलाई सुसमाचार प्रचार गर्नको निम्ति तिनीहरुलाई धेरै ज्ञान अथवा तकनीकि दक्षता चाहिने बनाउनु हुँदैन ।

- बिंगठिएको समाजहरुमा, अधिकारीहरुको ध्यान आकर्षण हुने तरिकाहरु नअप्नाउनुहोस् ।

- मानिसहरुको हृदय र मनमा राम्ररी बुझाउनसक्ने किसिमका तरिकाहरु चुन्नुहोस् ।

स्थानीय मानिसहरुको संस्कृति र परिस्थितिहरु अनुसार, ठाउँ ठाउँमा तरिकाहरु फरक पर्छन् । यहाँ केही सल्लाहरु दिइएका छन्:

- बाइबल अध्ययन दिनको लागि घर घरमा जानुहोस् ।
- छिमेकीहरुलाई भेला गरेर बाइबलका कथाहरु भन्नोस् ।
- सडकहरुमा प्रचार गर्नोस् ।
- बिरामीहरुको लागि प्रार्थना गर्नोस् अनि चङ्गाइ क्याम्पेन् गर्नुहोस् ।
- सारा समुदायको निम्ति सुसमाचारिय सभाहरुको आयोजना गर्नुहोस् ।
- बाइबल अध्ययन अथवा प्रार्थनाको चाहना गर्नेहरुको लागि फिर्ता गर्ने किसिमको कुपन राखेर अखबार हरुमा विज्ञापन अथवा लेखहरु छपाउनु होस् ।
- रेडियोबाट विज्ञापनहरु अनि कार्यक्रमहरु प्रस्तुत गर्नोस् ।
- समुदायको सर्वेक्षण जारी राख्नोस् ।
- पत्रिका तथा पुस्तकहरु बिक्री-वितरण गर्नोस् ।
- विवाहलाई आशिषित तुल्याउने कोर्सहरु सञ्चालन गर्नोस् ।
- संगीत, गीत, कविता, अनि नाटकहरु प्रयोग गर्नोस् ।

- फिर्ता गर्नोस् भन्ने आव्हानसहित परिपत्र जारी गर्नोस् ।
- खेलकूदका कार्यक्रमहरु गर्नोस् ।

"सर्वोत्तम सन्देश" मार्फत बाइबल अध्ययन दिँदा राम्रो परिणाम आएको देखिन्छ । यसमा आठवटा पाठहरु हुन्छन् । हरेकमा एक बाइबल पद, सरल प्रश्नहरु, अनि घरका मूल व्यक्तिले आफ्ना परिवारलाई कथा सुनाएर, परमेश्वरको नजीक खिँच्ने अभ्यासहरु हुन्छन् ।

- भौतिक अनि सामुदायिक खाँचोहरुद्वारा विशेषगरी आपतकालीन अवस्थामा सहयोग गर्नोस् ।

यसद्वारा मानिसहरुको निम्ति परमेश्वरको प्रेम प्रदर्शन हुन्छ । सुसमाचारप्रति झगडालु भावना भएको समाजमा यसो हुनुपर्छ । तरै पनि, तपाईको सामाजिक कार्यले तपाईलाई सुसमाचारीय जिम्मेवारीबाट टाडा नलैजाओस् । साथै, स्थायी रुपमा खाना अथवा लुगाहरु बाँड्ने काम गर्ने योजना गर्नु हुन्न किनकि यसद्वारा मानिसहरु आर्थिक लाभको निम्ति मात्र आकर्षित हुन्छन् । स्थापित भए पछि, नयाँ मण्डलीले खाँचोमा भएकाहरुलाई सहयोग गर्ने जिम्मेवारी उठाउनुपर्छ ।

तपाईको कार्यक्रमको तरिका खासगरी अस्थायी नै हो । नयाँ मण्डली आफैले भार उठाउन नसक्ने किसिमका योजनाहरु तपाईले शुरु गर्नुहुन्न ।

तपाईले खाँचोमा परेकाहरुको सेवा कसरी गरिर हनुभएको छ ?



बाटोमा हिँड्दा हामीले पर्चाहरु बाँड्यौं, तर कसैले केही अभिरुचि देखाएन ।
अरु तरिकाहरुद्वारा प्रयास गर्नोस् । तपाई उनीहरुको अगुवा भएर कसरी यी क्रियाकलापहरु गर्न सकिन्छ, गरेर देखाउनु पर्छ । खीष्टले आफ्ना चेलाहरुलाई कुनै कुरो गर्न लाउनुभएन, जुन कुरो उहाँ स्वयंले पहिले गर्नुभएन ।

तपाईले प्रशस्त काम गरिसक्नुभयो । एक महिनालाई चट्ट छोडेर आराम गर्नोस् ।
"भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।" (गलाती ६:९)

तपाईको कामको मूल्याङ्कन गर्नोस् अनि योजनाहरु बनाउनोस् ।

के तपाई तपाईका सुसमाचारीय प्रयासहरुसंग सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने, अझ राम्रो परिणामहरु देख्न सकिने गरी अरु योजनाहरु कोर्नुहोस् :

यदि मानिसहरुले रुची देखाएनन्, अथवा विद्रोही बने भने, के कारण हुनसक्छ ? (तपाईले जान्नुहुन्न भने पत्ता लाउनुहोस् ।)

तपाईले मानिसहरुलाई उनीहरुको सांस्कृतिक ढङ्गमा बडो धैर्यपूर्वक ख्रीष्टलाई प्रस्तुत गर्नुभएर पनि मानिसहरु अझै अभिरुचि देखाउन चाहँदैनन् भने, तिनीहरुको निम्ति 'तपाईको खुट्टाको धूलो टकटक्याइदिनुहोस्' अनि अरु अभिरुचि देखाउने समुदायतिर लाग्नोस् । (मत्ती १०:१४)

"यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दैजाओ । किनकि तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुँदैन ।" (१ कोरन्थी १५:५८)

लक्ष्यको सारांश

सुसमाचारप्रति खुल्ला भएका मानिसहरुसित सम्पर्क गर्नोस्, विशेष गरी घरका मूल व्यक्तिहरुसित ।

विभिन्न सांस्कृतिक क्षेत्रहरुमा मण्डली स्थापना गर्नेहरुको प्रगति चार्ट

तपाईले आफ्नो प्रगतिलाई तल दिइएको रुपरेखा अनुसार नाप्नोस् । तपाईले आफ्नो विश्वास रोप्दै गर्नुहुँदा, यस प्रकार को मूल्याङ्कनले तपाईलाई प्रोत्साहित गर्नेछ ।

यदि तपाईको लागि उपयुक्त हुन्छ भने, जब तपाईले अभ्यास गर्नुहुन्छ तब हरेक निर्देशनको अघि मिति लेख्नोस् ।

सिक्ने अवस्था

- ☐ मानिसहरुले जुन भाषा बोल्छन् अथवा संस्कृति मान्छन् त्यहीँको स्थानीय वासिन्दा मलाई सहयोग (भाषा सिक्नमा, भेटघाट गर्नमा, इत्यादि) प्रदान गरेका छन् ।

- ☐ स्थानीय संस्कृति र परिस्थिति अनुसार नै मैले मानिसहरुसित सम्पर्क राख्ने तरिका अप्नाएको कुरामा म निश्चित छु ।

- ☐ मैले काम शुरु गर्नको लागि (सुसमाचारप्रति विद्रोही भएको क्षेत्रमा, आफ्नो समाजमा, विशेष गरी गरीब घर ानामा, परिवर्तन देख्न चाहनेहरुसित) सम्पर्क गर्ने सर्वोत्तम तरिका अप्नाएको छु ।

- ☐ मलाई एक घरको मूल व्यक्तिले घरमा फेरि निम्त्याएको छ । उनी प्रभुमा आएको खण्डमा उसको परिवार अथवा कामधन्दामा कुनै ठूलो समस्याहरु नआउने रहेछ

। (तपाईले पहिलो चोटि भेट्नु हुँदा सुन्ने काम मात्र गर्नोस् । त्यस व्यक्तिबाट उसको संस्कृति र जीवनको बारेमा जान्नुहोस् । प्रश्नहरु सोध्नोस् अनि सुन्नको लागि चुपो लाग्नोस् ।)

बाँड्चुडको स्थिति

☐ मैले मेरै संस्कृति र जीवनको बारेमा बाँड्चुड गर्न थालें । मैले सम्पर्क गरेका व्यक्तिहरुलाई मैले सुनिदिनथालें । (विचार विमर्ष गर्नथालें)।

☐ म त्यस परिवारका सामाजिक क्रियाकलापनहरुमा सहभागी हुनथालें (खाना खाने, खेल खेल्ने, बाहिर घुम्न जाने, जन्मदिनहरु मनाउने, इत्यादि)। त्यस संस्कृतिलाई मैले मन पराएँ अनि मेरो हार्दिक प्रशंसा प्रकट गरें ।

☐ मैले बाइबलबाट संक्षिप्त कथाहरु भन्न थालें ।

☐ घरका मूल व्यक्तिले येशूसम्बन्धी कथाहरु सुन्न थालेका छन् ।

कथा भन्ने स्थिति

☐ घरका मूल व्यक्तिहरुले यी कथाहरु सुन्न चाहना गर्नसक्छन्– (येशूबारे आठवटा पाठ भएका सर्वोत्तम सन्देश, अथवा त्यहाँको संस्कृतिलाई सुहाउँदिलो अरु बाइबल कथाहरु जसमा प्रभु येशूको जीवन, शिक्षा, आश्चर्यकर्महरु, मृत्यु अनि पुनरुत्थानको बारेमा सिकाइएको हुन्छ ।)



निर्देशन ६
सुसन्देशको घोषणा



लक्ष्य

- सुन्न चाहने परिवारहरुलाई सुसन्देश बुझाइदिनोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(प्रार्थनाका झुण्डलाई सुसन्देश सुन्न चाहने परिवारहरुको निम्ति अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरि दिऊन् भनी सूचना पठाइदिनोस् ।)

परिवारहरुलाई सुसन्देश सिकाउने सम्बन्धमा सल्लाहहरु

परिवारहरुलाई सुसन्देश बुझाउने क्षेत्रमा विशेष प्रार्थना गर्नको निम्ति मण्डली स्थापना गर्ने सहकर्मीहरुलाई अगुवाइ गर्नुहोस् ।

"सभाघरमा पावल पसीकन तीन महीनासम्म परमेश्वरका राज्यको विषयमा तिनीहरुसँग साहसपूर्वक बहस गरे र मानिसहरुलाई बुझाइरहे ।" (प्रेरित १९:८)

- सुसमाचार स्पष्टसंग बुझाउनको निम्ति परमेश्वरको शक्तिको लागि प्रार्थना गर्नोस् ।

- अभिरुचि लिने व्यक्तिहरुको घरमा भएका सारा दुष्ट आत्मा, जन्तर-मन्तरको शक्ति, बोक्सी डाइना, अनि सारा गोप्य शक्तिहरुलाई बाँध्नु होस् ।

- जहाँ शैतानले मानिसहरुको मनलाई अन्धा तुल्याइदिएको छ, परमेश्वरको आफ्नो ज्योति चम्काइदिऊन् भनी प्रार्थना गरिदिनुहोस् ।
  (२ कोरन्थी ४:४)

- सुसमाचारका विद्रोही आफन्तहरु अनि छिमेकीहरु प्रभुमा जितिन सकिऊन् भनी प्रार्थना गर्नोस् ।

- मण्डली स्थापनाको निम्ति प्रार्थना गर्ने झुण्डसित सारा परिवारमा काम हुनसकोस् भनी प्रार्थना गर्नको लागि अनुरोध गनोस् ।

  सारा परिवारको परिवर्तनको निम्ति लामो समय लागे पनि, बलियो मण्डली स्थापना हुनजान्छ । कुनै नयाँ विश्वासीलाई उसको परिवार अथवा साथीहरुबाट अलग पार्ने प्रयास नगर्नोस् । नत्रभने उनीहरुले सुसमाचारलाई इन्कार गर्नेछन् । बरु समाधान त यही हो कि सारा झुण्ड परिवर्तन होस् भनेर प्रार्थना गरिदिनोस् ।

- सुसन्देश सुन्न चाहनेहरुको नाउँ र ठेगाना लेख्नोस् अनि मण्डली स्थापकमध्ये कसले उनीहरुलाई भेट्ने अनि सिकाउने तिनीहरुको नाउँ पनि लेख्नोस् ।

- विशेष गरी ती घरका मूल व्यक्तिहरुलाई सिकाउनोस् जसले आफ्ना परिवार सदस्यहरुलाई सिकाउन थालेका छन् ।

- मण्डली स्थापना गर्नेहरु सकेसम्म दुइ दुइ जना गरेर जानलाई योजना गर्नोस् ।

प्रभुले उहाँका चेलाहरुलाई दुइ दुइ जना गरेर पठाउनुभयो अनि प्रेरितहरु सकेसम्म एकलै यात्रा गर ेनन् (लूका १०:१)। साथमा कोही भए, सेवकहरु अरु बढी ढुक्क हुन्छन् । बढी अनुभवीले नौलाहरुलाई सिकाउने काम गर्नसक्छ । दुइ जनाले भेटघाट गर्नसके ठूलो प्रभाव पर्नसक्छ ।



- परिवारहरुलाई पाँचदेखि सातपटक सुसन्देशबाट सिकाउनको लागि मण्डली स्थापना गर्ने तपाईको झुण्डलाई सिकाउनोस् । (यसमा तपाईले के अनि कसरी सुसन्देश सिकाउनुहुनेछ, सो समावेश भएको हुन्छ ।)

  श्रोताहरुले सजिलै बुझ्न सक्ने गरी सिकाउन सक्ने अनि अरुहरुलाई सुसमाचार सुनाउँदा अनुकरण गर्नसक्ने बनाउन तपाईका मण्डली स्थापकहरुलाई तयार पार्नोस् । खीष्टलाई पछ्याउनको लागि मानिसहरुलाई आव्हान गर्न अघि उनीहरुलाई पाँचदेखि सातपटक प्रस्तुत गर्न सकियो भने विश्वास गर्नेहरुको प्रतिशत त्यसै बढेर गइहाल्छ ।

- सुसन्देशबाट सिकाइँदै गरेकाहरुलाई बिश्राम गर्ने समय पनि मिलाउनोस् ।

  भविष्यका मण्डलीका सदस्यहरुको हैसियतमा तिनीहरुले एकाअर्कालाई चिनून् । तपाईसंग बप्तिस्मा लिएका विश्वासीहरुको झुण्ड नभएसम्म सार्वजनिक आराधना सेवाहरु आयोजना नगर्नोस् ! अहिलेलाई, तिनीहरुलाई सुसमाचार सिकाउनमा नै ध्यान दिनुहोस् ।

- येशूको आज्ञाअनुसार नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनुहोस् ।

विश्वास गर्नेहरुलाई बताइदिनुहोस् कि बप्तिस्माद्वारा येशूको मृत्यु र पुनरुत्थानमा हाम्रो पहिचान येशूसंग हुन्छ । रोमी ६ ले बताउँछ कि हामी पापमा मर्छौं अनि नयाँ र पवित्र जीवनमा खीष्टसितै बौरी उठेका हुन्छौं ।

सुसन्देश सिकाउँदा जनाउनु पर्ने मुख्य विषय

- परमेश्वर को हुनुहुन्छ ? (उहाँको स्वभाव, पवित्रता, प्रेम, उद्धारको योजना, क्रोध अनि राज्य)

- पाप के हो ? (अविश्वास, मूर्तिपूजा अनि अरु विशेष पापहरु, परमेश्वरको अघि मानिसको पतित अवस्था)

- मृत्यु के हो ? (शारीरिक अनि आत्मिकी)

- न्याय के हो ? (यसको अर्थ अनि निश्चयता)

- येशू को हुनुहुन्छ ? (उहाँको ईश्वरत्व, प्रभुत्व, जन्म, हाम्रा पापको निम्ति मृत्यु, पुनरुत्थान अनि दोस्रो आगमन)

- अनन्त जीवन के हो ?

- नयाँ जन्म के हो ? पवित्र आत्माको वरदान के हो ?

- पश्चाताप र विश्वास के हुन् ?

- बप्तिस्मा के हो ?

- मण्डली के हो ? (ख्रीष्ट मण्डलीको शीर हुनुहुन्छ)

घरहरुमा सुसमाचारीय बाइबल अध्ययनहरु प्रयोग गर्ने उदाहरणहरु

- ख्रीष्टमा विश्वास गरी मानिसहरु आएका, अनि उहाँको मृत्यु र पुनरुत्थानका कथासम्बन्धी खण्डहरु जो विशेष गरी यूहन्नाका सुसमाचारमा पाइन्छन् ।

- लूकाको सुसमाचारबाट खण्डहरु: उदाहरणको लागि, प्रभुको जन्म (१:१-३८, २:१-२०), उहाँको बप्तिस्मा (३:१-२२), उहाँको परीक्षा (४:१-१३), उहाँका आश्चर्यकर्महरु (५:१-११, ७:१-१७, ८:२६-५६, ९:१-१७), उहाँका शिक्षाहरु (६:१७-४, ८:४-१५, १०:१-३७, ११:१-१३, १४:२५-३५, १५:१-३२, १६:१९९-३१, १७:२-३७, २१:५-३६), उहाँको जाँच, मृत्यु अनि पुनरुत्थान (२२-२४ अध्यायहरु)

- सर्वोत्तम सन्देश: आफ्ना परिवार अनि साथीहरुलाई सिकाउन चाहने घरका मूल व्यक्तिहरुलाई सिकाउन

योग्यको सुसमाचारीय कोर्स हो । (तालीम र वृद्धि पाष्टर ीय अध्ययन पुस्तिका संख्या २)। यसमा निम्न कथाहरु पाइन्छन्:

सर्वोत्तम सन्देशका अध्ययनहरु

१. नूह र ठूलो जलप्रलय

२. प्रभुको मृत्यु अनि बौरी उठ्नु भएको – लूका २३-२४

३. लाजमर्दो भएको छोरो – लूका १५

४. एक अफ्रिकीले बप्तिस्मा लिन्छ – प्रेरित ८

५. भ्यालखानको हाकिमको परिवर्तन अनि उसको सम्पूर्ण परिवारले विश्वास गरेको कथा – प्रेरित १६

६. येशू जीवन दिने रोटी हुनुहुन्छ – यूहन्ना ६

७. भूत पसेको मानिसले छुटकारा पाएको – मर्कूस ५

८. एक शत्रुले विश्वास गर्दछ अनि बप्तिस्मा लिन्छ – प्रेरित ९

- जस-जसले पढ्न सक्तैनन् उनीहरुलाई बाइबल कथाहरु पढिदिनोस् ।

- नक्साहरु प्रयोग गर्नुहोस् (नक्सा प्रयोग गर्न नचाहने धार्मिक मानिसहरु अथवा जादूको शक्ति ठान्नेहरुको निम्ति प्रयोग नगर्नुहोस् ।)

  जुन संस्कृतिमा तपाई काम गर्दै हुनुहुन्छ, त्यसैलाई सुहाउँदो किसिमका अरु असल सामाग्रीहरु तपाईले पाउन सक्नुहुन्छ ।

सुसन्देश सिकाउनको लागि निर्देशन

- भेटघाटमा जानुअघि प्रार्थनाद्वारा तपाईको हृदयलाई तयार पार्नुहोस् ।

- सकेसम्म चाँढै घरेलु झुण्डहरु खडा गर्नुहोस् ।

- उनीहरुले जानिसकेका र विश्वास गरेका कुराहरु (यो निर्देशिकाको निर्देशन ३ मा दिइएका जानकारीहरु) द्वारा तपाईको शिक्षालाई बुझ्ने बनाउनुहोस् ।

- प्रश्नहरु गरेर अनि विषयमाथि छलफल गराएर तिनीहरुको ध्यान खिँचिराख्नोस् ।

- सजिलै अनुकरण गर्नसकिने गरी सिकाउनु होस् । तब जो परिवर्तन भएका छन् उनीहरुले त्यसरी नै साक्षी दिनेछन् ।

- बाइबल प्रयोग गर्नुहोस् । नयाँ विश्वासीहरुले प्रयोग गर्नसक्ने प्रकारका सामाग्रीहरु मात्र प्रयोग गर्नुहोस् । (गरीब मानिसहरुको खातिर मूल्यलाई बिचार गर्नोस्)।

- तिनीहरुलाई पश्चाताप गर्ने विश्वास गर्ने परमेश्वरको आज्ञा पालन गर्न प्रोत्साहित गर्नोस् ।

- सुसमाचारको बारेमा प्रश्नहरु गर्नोस् ताकि मानिसहरु स्वयंले सत्यलाई राम्ररी जान्नेछन् ।

- उनीहरु स्वयंले के सिकेका छन् सो तिनीहरुको परिवार र साथीहरुलाई सिकाउनको निम्ति घरका मूल व्यक्तिहरुलाई सहायता गर्नोस् ।

- सुसमाचार सिक्दै गरेका परिवारहरुको आफन्तहरु अनि मित्रहरुलाई खोज्नोस् ।

  नचिनेका व्यक्तिहरुभन्दा बढी उनीहरु खुल्ला हुन्छन् । जब एक व्यक्ति परिवर्तन हुन्छ, तब सकेसम्म चाँढै, उसको परिवार र मित्रहरुलाई उसको प्रेम अभिव्यक्ति गर्न उसलाई सहायता गर्नोस् । कसरी साक्षी दिनु भनी नमूना देखाउन उनीहरुसित जानोस् । यदि नयाँ विश्वासीहरुले आफ्ना मित्रहरुसित सम्पर्क गरेका छैनन् भने हाम्रो सुसमाचार निसास्सिएको छ ।

- लगातार भेट्नोस् ।

- शिष्टाचार प्रयोग गर्नोस् ।

तपाईले ठीकसंग लुगा लगाउनुपर्छ अनि चिटिक्क देखिनुपर्छ। खाना खाने बेलामा भेट्न नजानोस्।

- मित्रवत् व्यवहार गर्नोस्।

- खीष्टलाई पछ्याउँदा हुने फाइदाहरुको बारेमा बताउनु होस्।

खीष्टलाई पछ्याउँदा हुने फाइदाहरु यस प्रकारका हुनसक्छन्:

- उद्धार र क्षमादान,
- पवित्र आत्मा र अनन्त जीवन,
- हाम्रा पापहरुमाथि विजय हुने शक्ति,
- अरुहरुको सेवा गर्ने शक्ति र उनीहरुको कष्टमा सहयोग गर्ने,
- अझ राम्रो पारिवारिक जीवन,
- परमेश्वरका जनको प्रेममा सहभागिता,
- जीवनको अर्थ जान्नु,
- मनको शान्ति अनि स्वच्छ विवेक,
- हाम्रो गहनतम आशा र खाँचोसित कसरी व्यवहार गर्ने,
- खीष्टको आज्ञा पालन गर्ने आनन्द अनि सुसन्देश बाँढ्नु।

- उनीहरुले सतावट भोग्नु पर्ने हुनसक्छ, तर तिनीहरुलाई सामर्थी तुल्याउन र सुरक्षित पार्न परमेश्वर उनीहरुसंग हुनुहुन्छ भनी बताइदिनोस् ।

- उनीहरुले ख्रीष्टलाई पछ्याउन निधो गरिसकेको हो भनी उनीहरुको आपसमा नै कुरा गर्न प्रोत्साहित गर्नोस् ।

  तिनीहरुको परिवारहरु अनि मित्रहरुलाई उनीहरुको विश्वास संगसंगै अभ्यास गर्न सल्लाह दिनोस् । यसरी, उनीहरुलाई तिनीहरुको अइसाई परिवारले इन्कार गर्ने छैनन् । साधारणतया, मानिसहरुले आफ्ना परिवार तथा मित्रहरुसित बातचीत, छलफल, अनि विचारविमर्ष (तर्कवितर्क पनि) गरेर चोखो निर्णयमा आउँछन् ।

- परिवर्तन भएको बेला, नयाँ विश्वासीहरुलाई सबै पापमय कुराहरु अनि टुनामुना तथा देवीदेवताहरुलाई छोड्नको लागि सल्लाह दिनोस् ।

  - त्यस प्रकारका सबै अभ्यासहरु थाहा गरेर त्याग्न लगाउनु होस् ।
  - सबै रहष्यका थोकहरु नष्ट पार्नोस् अनि तिनीहरुको शक्तिबाट ख्रीष्टमा स्वतन्त्रता अंगाल्नु होस् ।

- पश्चाताप गर्नेहरुलाई परमेश्वरले क्षमा गरी खीष्टको रगतले धुनको लागि अनि पवित्र आत्माले भरिनको लागि प्रार्थना गर्न सहयोग गर्नोस् ।

- बिरामीहरुको चङ्गाइको लागि प्रार्थना गर्नुहोस् ।

- ठूला सभाहरुमा, साक्षीहरु दिनोस्, सरल गीतहरु गाउनोस् अनि अझ सुन्न चाहनेहरुको नाउँ र ठेगानाहरु संकलन गर्ने योजना गर्नोस् ।

- धेरै मानिसहरु भएको सभामा, मानिसहरुलाई हात उठाउन, अथवा निर्णय कार्ड भर्न अथवा 'अघि आउन' लाउने काम मात्र नगर्नोस् । यस्ता अनौठा कार्यक्रमद्वार ा साधारणतया मानिसहरुले खीष्टलाई ग्रहण गरेका हुँदैनन् । बरु मानिसहरुलाई बुझाउने, पश्चाताप गर ाउने, विश्वास गर्ने अनि बप्तिस्मा लिने काममा सहयोग प्रदान गर्नोस् ।

सारांशमा, दार्शनिक र अति उच्च ईश्वर-शास्त्रको बाटो अप्नाउनुहुन्न । बौद्धिक तर्कवितर्कद्वारा अति थोरै मानिसहरु मात्र खीष्टमा आउनेछन् । तपाईले खीष्टलाई प्रेम गर्नुहुन्छ

अनि ख्रीष्टले तिनीहरुलाई पनि प्रेम गर्नुहुन्छ भन्ने कुरा उनीहरुले देखून् । जुन कुरा येशूले तिनीहरुसंग गर्नलाई अह्राउनुभयो त्यही कुरा उनीहरुलाई भनिदिनोस् । अर्थात् उहाँको मृत्यु र पुनरुत्थानको ऐतिहासिक विवरण बताउन लाउनुभयो (लूका २४:४६-४८)। तपाईको जीवनमा ख्रीष्टले के गर्नुभयो त्यसको बारेमा आफ्नै साक्षी पनि बताइदिनोस् । उनीहरुको पहुँचदेखि बाहिरको तरिका अथवा सामाग्रीहरु प्रयोग नगर्नु होस् । उनीहरुले तुरन्तै अरुहरुलाई सुसमाचार सुनाउनको निम्ति तपाईको अनुकरण गर्नसक्ने तरिकाहरु अप्नाउनु होस् । ख्रीष्टमा पाइने उद्धारबारे कथा भन्नु नै साथीबाट साथीसम्म अनि परिवारबाट परिवारसम्म सुसमाचार बहनुको सरल उपाय हो ।

लक्ष्यको सारांश

सुन्न चाहने परिवारहरुलाई सुसन्देश बुझाइदिनोस् (कसले सिकाउने, कुन सामाग्रीहरु प्रयोग गर्ने, अनि कुन तरिका अप्नाउने भन्ने कुरामा निश्चित हुनुहोस्)

"...जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।" (रोमी १०:१७)

निर्देशन ७
परिणामहरुको जाँच गर्नोस्



लक्ष्य

- तपाईको कामको मूल्याङ्कन गर्नोस्

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____।

(प्रार्थनाका झुण्डलाई तपाईको मण्डली स्थापना झुण्डको कामको मूल्याङ्कनको निम्ति अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरिदिऊन् भनी सूचना पठाइदिनोस् ।)

परिणामहरुको जाँचसम्बन्धी सल्लाहहरु

- यो प्रश्नलाई विचार गर्नोस्: "के मानिसहरुले सुसन्देशप्रति जवाफदेही बन्दैछन् ?"

  परिणामहरुको निम्ति काम: यदि मानिसहरुले विश्वास गरिरहेका छैनन् भने, परमेश्वरको अगुवाइ खोज्नोस् अनि विभिन्न तरिकाहरु अप्नाउनोस् ।

  "सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें ।"

  (१ कोरन्थी ९:२२)

- यो प्रश्नलाई विचार गर्नोस्: "के यहाँ ती मानिसहरु छन् जसले सुसमाचारमा रुची लिन्छन्, तर सुसन्देश बुझ्दैनन् अथवा यसको खास सत्यतालाई ग्रहण गर्दैनन् ?"

  यदि मानिसहरुले ग्रहण गर्न चाहन्छन् तर सुसमाचार बुझ्न गाह्रो भइरहेको छ भने तपाईले तिनीहरुलाई यसरी उत्साहित पार्नसक्नुहुन्छ:

  - येशू ख्रीष्टलाई केन्द्रीय विषय बनाएर कहिले सुसमाचार सुनाउनु हुन्छ अथवा सिकाउन

चाहनुहुन्छ, त्यसलाई निश्चित पार्नुहोस् । मानिसहरुलाई उद्धारतर्फ डोऱ्याउन बाधा दिने नाना थरिका कुराहरु गर्न लगाएर शैतानले हामीलाई भुलाइराख्छ ।

- यस प्रकारका प्रश्नहरुको उत्तर दिन लगाएर तिनीहरुको विश्वासलाई सुदृढ पार्न सकिन्छ: "हामीलाई बचाउनको निम्ति खीष्टले के गर्नुभयो ?" त्यसपछि, तिनीहरुको परिवारलाई सुसमाचारका कथाहरु बुझाइदिने ।
- उनीहरुसित प्रार्थना गर्ने (तपाईले उनीहरुलाई पनि खण्ड खण्ड भन्न लगाएर प्रार्थना गर्न लगाउनु होस् ।)
- उनीहरुलाई धर्मशास्त्र कण्ठ गर्न लगाउने ।

- यो प्रश्नलाई विचार गर्नोस्: "सुसमाचारमा रुची राख्ने मानिसहरु के अरुहरुसित एकै ठाउँमा भेला हुन चाहन्छन् ?"

यदि मानिसहरुले सुसमाचारमा रुची लिन्छन् तर एकै ठाउँमा भेला हुन चाहँदैनन् भने, तपाईले एउटै झुण्ड, एकै प्रकारका मानिसहरु अथवा क्षेत्रलाई बढी ध्यान दिनुपर्ला । एउटा नयाँ मण्डलीमा विभिन्न झुण्डका मानिसहरु सजिलैसित हेलमेल हुन सक्तैनन् । उदाहर

णको लागि, बाहिरबाट आएका मानिसहरुले स्थानीय भाषा बुझे तापनि उनीहरुकै भाषा बोल्नेहरुसित संगति गर्न रुचाउँछन् । यसकारण तपाईले बाहिरबाट आएकाहरुको झुण्डमा अथवा स्थानीय भाषा बोल्नेहरुको झुण्डमा ध्यान दिनुपर्ने हुन्छ । धेरै नयाँ विश्वासीहरुले मण्डली यसकारणले छोड्दछन् कि उनीहरु सामना गर्न परिरहेको नौलो संस्कृतिसित हेलमेल हुन सक्तैनन् । आवश्यक भएमा, नयाँ विश्वासीहरु कसरी हेलमेल हुन सक्छन् त्यस्तै प्रकारको मण्डली अथवा सेल शुरु गर्नोस् ।

तपाई कुन झुण्डमा ध्यान दिन चाहनुहुन्छ ?

- यो प्रश्नलाई ध्यान दिनोस्: "के नयाँ विश्वासीहरुले एकाअर्कालाई प्रेम गर्दैनन् ?"

  यदि नयाँ विश्वासीहरुमा एकाअर्काप्रति प्रेमको अभाव छ भने, तपाईले अझ बढी सामाजिक क्रियाकलापको प्रबन्ध गरिदिनुपर्दछ । व्यावहारिक भएमा, तिनीहरुको निम्ति खानापिना, बाहिर जाने, खेलकूद अथवा अरु सामाजिक क्रियाकलापहरुको योजना गरिदिनुहोस् । तिनीहरु स्वयंले आफैलाई चाँडै जोशिलो, आनन्दले पूर्ण

अनि ख्रीष्ट र एकाअर्काप्रति प्रेम भएको मण्डलीमा पाउन सकून् ।

- यो प्रश्नलाई बिचार गर्नोस्: “के नयाँ विश्वासीहरुले आफ्ना अविश्वासी परिवार र साथीहरुप्रति आदरणीय र वास्ताले भरिएको सम्बन्ध कायम राखिराखेका छन् ?”

  उनीहरुको अविश्वासी परिवार र साथीहरुप्रति वास्ताले भरिएको सम्बन्ध कायम राखिराख्न नयाँ विश्वासीहरुलाई प्रोत्साहित गर्नोस् । सम्भव भएसम्म, उनीहरु परिवर्तन भएकोमा उनीहरुको आफन्तहरु खुशी हुनुपर्छ । नयाँ विश्वासीहरुले भेटघाट र सहयोग जारी राखेर, पारिवारिक जीवनमा सरीक भएर, अनि क्षमा मागेर अनि दिएर र म्रो सम्बन्ध बनाउनुपर्दछ ।

- यो प्रश्नलाई विचार गर्नोस्: “के सुसमाचार प्रचारका प्रयासहरु घटे अथवा बन्द भए ?”

  नयाँ विश्वासीहरुका आफन्तहरु अनि मित्रहरुलाई ध्यान दिनुहोस् । कति मण्डलीहरुले अति चाँडै सार्वजनिक सेवाहरुमा मन लाउँछन्, अनि सुसमाचार प्रचारको काम छोडिदिन्छन् । आराधना सेवाहरु शुरु गर्नेसाथ सुसमाचार प्रचार गर्ने काम नरोक्नुहोस् । ख्रीष्टको निम्ति अति उत्साहित भएर साक्षी दिइरहनोस् ।

- यो प्रश्नलाई विचार गर्नोस्: “के मण्डली स्थापना गर्ने टोलीबीच समाधान गरिनुपर्ने कुनै समस्याहरु छन् कि ?”

लक्ष्यको सारांश

तपाईको कामको मूल्याङ्कन गर्नोस् ताकि तपाईका तरिकाहरुमा त्यसरी नै सुधार ल्याउन सक्नुहुनेछ ।

“भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।” (गलाती ६:९)

निर्देशन ८
नयाँ सदस्यहरुलाई बप्तिस्मा दिनोस् अनि ग्रहण गर्नोस् ।



लक्ष्य

- नयाँ सदस्यहरुलाई बप्तिस्मा दिनोस् अनि तिनीहरुलाई खीष्टको मण्डलीका सदस्यहरुको रुपमा ग्रहण गर्नोस् ।

- नयाँ मण्डलीको रुपमा प्रभुभोज मनाउनोस् ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(प्रार्थनाका झुण्डलाई सुसन्देश सुन्न चाहने परिवारहरुको निम्ति अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरि दिऊन् भनी सूचना पठाइदिनोस् ।)

वयस्क विश्वासीहरुलाई बप्तिस्मा दिनुको उद्देश्य के हो ? प्रेरित पावलले प्रकट गरेका छन्:

"के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? यसकारा बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँथै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारि नुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं । हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं । किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ । तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं ।"

(रोमी ६:३-८)

नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनको निम्ति सल्लाहहरु

मुख्य टिप्पणीहरु

अन्तर-सास्कृतिक पृष्ठभूमिमा काम गर्ने मिसनेरीहरुसित सम्बन्धित:

जहाँ नयाँ विश्वासीहरुको विरुद्ध निकै सतावट छ, अनि आफूलाई एक इसाईको रुपमा घोषणा गर्नु भनेको मृत्यु निम्त्याउनु हो भने, उनीहरुको विश्वासलाई खुल्ला रुपमा प्रकट गर्ने कि नगर्ने भनी निर्णय गर्ने जिम्मेवारी नयाँ विश्वासीलाई नै छोडिदिनुहोस् । उनीहरुलाई कुनै रुपमा दबावमा नपार्नुहोस् । कति मिसनेरीहरुले मानिसहरुलाई गुप्तमा बप्तिस्मा दिने गर्दछन् ।

मण्डलीहरुसित सम्बन्धित:

बप्तिस्मा सम्बन्धी विभिन्न मण्डलीहरुको विभिन्न धारणा र अभ्यासहरु छन् । यो निर्देशनमा हामी बप्तिस्माबारे बाइबलमा सिकाइएको आधारभूत शिक्षा मात्र प्रस्तुत गर्नेछौं । तपाईले यी आधारभूत सिद्धान्तलाई तपाईको मण्डलीमा चलाइल्याएको चलनअनुसार प्रयोग गर्नसक्नुहुन्छ ।

- मण्डली स्थापना गर्ने झुण्डसँगसँगै बाइबल अध्ययन गर्दै उनीहरुलाई बप्तिस्माबारे बुझाइदिनु होस् ।

  निम्नलिखित पदहरुले हामीलाई बप्तिस्माबारे जानकारी दिन्छ: मत्ती २८:१९-२०, प्रेरित २:३७-४२, ८:३५-३८, १०:४७-४८, रोमी ६:१-१४ । प्रेरितको पुस्तक पढ्दा हामी यही कुरा चाल पाउँछौं कि प्रेरितहरुले बप्तिस्मा दिनमा कति पनि ढिलो गरेनन् । जब मानिसहरुले पश्चाताप गरे अनि खीष्टमा तिनीहरुको विश्वासलाई मानिलिए (प्रेरित १६:३१-३३), तिनीहरुलाई बप्तिस्मा दिइयो । तिनीहरुले प्राय: जसो गरी उनीहरु परिवर्तन भएकै दिनमा बप्तिस्मा दिने गर्दथे ।

  बाइबलअनुसार, बप्तिस्मा चाहिँ लामो समयसम्म सिद्धान्तको बारेमा सिकेपछि पाइने दीक्षान्त समारोह होइन । बरुभन्दा, बप्तिस्मा ता नयाँ विश्वासीले खीष्टमा पाएको नौलो इसाई जीवनको प्रारम्भ नै हो (किनकि बप्तिस्मा आज्ञाकारिताको पहिलो कदम हो)। तिनीहरुले बप्तिस्मा लिए पछि तपाईले उसलाई अझ अरु बढी शिक्षा दिन सक्नुहुन्छ । यदि बप्तिस्माबारे भूल बुझाबुझ भएको छ भने मात्र, यस विषयमा लामो समयसम्म शिक्षा दिइनुपर्दछ ।

- सम्भव भएमा, सारा परिवारलाई एक साथ बप्तिस्मा दिनुहोस् (प्रेरित १६:१५, ३१-३३)।

- बप्तिस्मा चाहिँ खीष्टमा भएको उनीहरुको विश्वासलाई घोषणा गर्ने बाइबलीय तरिका हो भनी नयाँ विश्वासीहरुलाई सिकाउनु होस् ।

- बप्तिस्मा दिने अनि खीष्टको देहमा सदस्यहरुलाई ग्रहण गर्ने योजना गर्नुहोस् ।

बप्तिस्माको लागि सल्लाहहरु

(यदि तपाईसँग अघिदेखि चलाइल्याएको कार्यक्रम नभएमा)

क. नयाँ विश्वासहिरुलाई उनीहरुले पश्चाताप गरेर खीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गरे कि गरेनन् सोध्नुहोस् । अघि नै बप्तिस्मा लिइसकेकाहरुले यिनीहरुलाई भाइ-बहिनीको रुपमा ग्रहण गर्नको निम्ति सल्लाह दिनुहोस्, अनि उनीहरुलाई प्रभु येशूको आज्ञा पालन गर्न प्रार्थना र सहयोग गर्नुहोस् ।

ख. उनीहरुलाई बप्तिस्मा दिनुहोस् । (तपाईको आफ्नै मण्डलीको तरिका अप्नाउनु होस् ।)

ग. नयाँ विश्वासीहरुमाथि हात राखेर प्रार्थना गरिदिनुपर्छ ताकि उनीहरु पवित्र आत्माले भरपूर भएका होऊन् (प्रेरित ८:१७)।

घ. बप्तिस्मा भएको लगत्तै सबै मिलेर प्रभुभोज लिने काम गर्नुहोस् । बप्तिस्माले उनीहरु खीष्ट र उहाँका मानिसहरुसंग एक भएको जनाउँछ । प्रभुभोजले खीष्टसित उनीहरुको एकत्वलाई जोड दिन्छ । साधर

णतया, जजसले बप्तिस्मा लिन्छन् उनीहरुले मात्र प्रभुभोजमा भाग लिनुपर्दछ ।

प्रभुभोजको लागि सल्लाहहरु

(यदि तपाईमा अघिदेखि कुनै चलन व्यवहारमा नल्याएको भए)

क. बसाइको अवस्था:
(सानो झुण्डको निमित्त)

रोटी र दाखरस भएको टेबल वरिपरि उभिने अथवा बस्ने ।

ख. प्रशंसा:

जानिएको भजन गाउनोस् । यदि उनीहरुसित भजनको पुस्तक नभए, बाइबलबाट प्रशंसाका भजनहरु दोहोऱ्याउनुहोस् । बिराम चिन्हहरुमा अडिँदै बिस्तारै पढ्नको लागि उनीहरुलाई भन्नुहोस् । (यदि अशिक्षित व्यक्तिहरुले पनि भाग लिइरहेका छन् भने, हरेकलाई पढ्न नभन्नुहोस् । बरु उपाषनाका एक वा दुई भजनहरु कण्ठ गरेर दोहोऱ्याउनु होस् ।)

ग. प्रार्थना:

परमेश्वरसंग उनीहरुको पापको स्वीकार गर्दै शान्त भावमा प्रार्थना गर्न लाउनुहोस् । उनीहरुलाई उहाँको क्षमादानबारे निश्चित गराइदिनुहोस् ।

घ. प्रभुभोज चाहिँ:

बडो गम्भीर भावमा प्रभुभोज बाँढ्नु होस्: हतार नगर्नुहोस्, नत्रभने यसमा हुनुपर्ने आदरभाव घट्ने छ । जब तपाईले रोटी भाँच्नुहुनेछ, ("यो मेरो शरीर हो..." लूका २२:१९) भन्ने प्रभुका वचनहरु दोहोऱ्याउँदै बिस्तारै अनि अधिकारपूर्ण भावमा दाहोऱ्याउनु होस् । मानिसहरुलाई मनन गर्ने समय दिनुहोस् । कचौराबाट पिलाउने काम गर्दा पनि त्यसै गर्नुहोस् (लूका २२:२०)। प्रभुभोजको सिद्धान्तबारे लामो व्याख्यालाई अर्को अवसर को निम्ति छोडिदिनुहोस् । प्रभुभोजद्वारै पवित्र आत्मालाई बोल्न दिनुहोस् ।

- नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनुहोस् अनि तिनीहरुलाई खीष्टको मण्डलीका सदस्यहरुको रुपमा ग्रहण गर्नुहोस् ।

- बप्तिस्मा लिएका विश्वासीहरुको नाउँ र मिति लेख्नुहोस्:

_____

_____

_____

_____

_____

_____

_____

बप्तिस्मा लिएका व्यक्तिहरुको झुण्डलाई मण्डलीको रुपमा घोषणा गर्नको निम्ति केही सल्लाहहरु

- जति जनाले बप्तिस्मा लिएका छन् उनीहरु प्रभुभोजमा सहभागी बनून् । यही समयमा, त्यो झुण्ड एक मण्डली भएको छ भनी घोषणा गर्नुहोस् ।

उनीहरु बाइबल अध्ययन झुण्ड मात्र हुनेछैनन् । उनीहरु प्रभुको आज्ञा मान्ने विश्वासीहरुको एक संगति हुनेछन् । उनीहरु येशूका हुन् । उनीहरु उहाँको देह हुन् । उहाँको आत्मा उनीहरुमा बास गर्नुहुन्छ । मण्डलीका सदस्यहरुको हैसियतमा उनीहरु आफै वृद्धि हुने, उपाषना गर्ने, अनि आनन्दसाथ मिलेर सेवा गर्ने हुनको निम्ति सहयोग गर्नुहोस् । यी कुराहरु बुझेपछि, नयाँ विश्वासीहरुले मिलेर काम गर्नेछन् अनि प्रभुको कामको लागि बलिदानहरु चढाउनेछन् ।

- नयाँ विश्वासीहरुलाई उनीहरु चाहिँ मण्डली स्थापनाका वस्तुहरु मात्र होइनन्, तर उनीहरु नै मण्डली हुन् भन्ने कुरामा जोड दिनुहोस् ।

  पहिलो सभामा, नयाँ विश्वासीहरुको संख्या मिसनेरीहरुको भन्दा बढी थियो, तर उनीहरुले यो कुरो जान्न पाएनन् कि उनीहरु नै नयाँ मण्डली हुन् । उनीहरुले त यति नै सोंचे कि उनीहरु पनि बाहिरबाट काम गर्न आएका मिसनेरीहरुको टोलीमा सामेल भइरहेका छन् ।

  नयाँ विश्वासीहरुले नयाँ मण्डलीको रुपमा भएको पहिचान थाहा पाउनु पर्छ । बाहिरबाट आएकाहरुलाई सभामा आउने जोड नदिनुहोस् ताकि सभामा उनीहरुको मात्र बहुसंख्या नदेखियोस् ।

  अन्तर-सांस्कृतिक मिसनेरीको टोली स्वयंलाई मण्डली हुन दिनु हुँदैन । बरु यसको काम त धाई-आमाको जस्तो हो जसले स्थानीय समुदायलाई एक नयाँ देह हुनको निम्ति यसका सदस्यहरुलाई हुर्काउने काम गर्छे, अनि पूर्णतया एक नयाँ मण्डली स्थापित हुनजान्छ ।

- परमेश्वरको सहायतामा खीष्टका आज्ञाहरु पालन गर्नेछौं भनी नयाँ विश्वासीहरुलाई प्रतिज्ञा गर्न लाउनुहोस् ।

तिनीहरुलाई खीष्टका आज्ञाहरु, जस्तैः पश्चाताप गरेर विश्वासमा रहरिहनु, परमेश्वरको आत्माले भरिनु, पर मेश्वर र अरुहरुलाई प्रेम गर्नु, प्रभुभोजको निम्ति भेला हुनु, दिनहुँ प्रार्थना गर्नु, दिनु, सुसमाचार प्रचार गर्नु अनि गोठालोको जिम्मेवारी निभाउनु –को निम्ति उनीहरुलाई आव्हान गर्नुहोस् ।

कहिले-काहिँ मण्डली स्थापना गर्नेहरुले मानिसहरुलाई गाउनु, प्रार्थना गर्नु अनि प्रवचन सुन्नको निम्ति मात्र भेला गर्दछन् । यति मात्र काफी छैन । नयाँ झुण्डले पनि नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिने, प्रभुभोज मनाउने, अनि उदारचित्तले दिने जस्ता प्रभुको आज्ञाहरु पालन गर्नुपर्दछ । झुण्डको देखरेख गर्न स्थानीय अगुवाहरुलाई तालीम दिनुहोस् । यसरी तपाईले एक सक्रिय अनि आज्ञाकारी मण्डली स्थापित गर्नुहुनेछ ।

- नयाँ विश्वासीहरुबाट नै अस्थायी सचिव नियुक्त गरि दिनुहोस् ।

उसलाई सदस्यताको एक रेजिस्टर (एक साधारण खाता भए पनि हुन्छ) दिनुहोस् । उसले त्यसमा बप्तिस्मा लिनेहरुको नाउँ र बप्तिस्माको मिति लेख्ने काम गर्दछ ।

- जोहरु नयाँ मण्डलीमा रहन चाहँदैनन् उनीहरुको निम्ति के गर्नुपर्ने हो विचार गर्नोस् । कम्तिमा तीन प्रकारका मानिसहरु हुनसक्छन्:

  १. परिवर्तन नभएका अथवा सभाहरुमा बस्न नरुचाउनेहरु । उनीहरुसित मित्रता कायम राख्नोस्, तर उनीहरुले अभिरुची नै देखाउँदैनन् भने, समय खेरो नफाल्नोस् । समय समयमा उनीहरुको निम्ति प्रार्थना गर्नोस् अनि भेटघाट गर्नोस् । शायद उनीहरुले पछिबाट पश्चाताप गर्लान् ।

  २. परिवर्तन भयौं भन्ने तर तटस्थ बस्न चाहनेहरु । बुद्धिको निम्ति प्रार्थना गर्नोस् । शायद तिनीहरुले खराब बानी, यौनका अनैतिक पाप, दुष्टात्मा मान्ने, अथवा चोरी गर्ने, अनि अरु गुप्ती पापहरु लुकाइर ाखेका होलान् । तिनीहरुले पश्चाताप गरेका सम्पूर्ण पापहरुलाई खीष्टले क्षमा गर्नुभयो भनी बुझाइदिनु होस् ।

  ३. खीष्टमा आफ्नो विश्वासलाई पक्का नगर्ने तर सभामा उपस्थित हुनेहरु ।

- झुण्डको सभामा उपस्थित हुने तर येशूलाई अझसम्म ग्रहण नगरेकाहरुको निम्ति के गर्नु पर्ने हो विचार गर्नोस् ।



यदि परिवर्तन नभएका व्यक्तिहरुले समस्या उब्जाउँछन् भने, तिनीहरुलाई सुधार्नको निम्ति प्रेमसाथ भेटघाट गर्नोस् । रीसलाई काबुमा ल्याउनोस् । यदि तिनीहरु थेत्तर भएर पापमा लागिरहन्छन् तर पश्चाताप गर्न

चाहँदैनन् भने, अरुहरुलाई पनि तपाईसंगै लैजानु होस् अनि दृढतासंग उनीहरुलाई मण्डलीमा नआउनको निम्ति भन्नुहोस् ।

लक्ष्यको सारांश

नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनोस्, नयाँ मण्डलीको देहको रुपमा मिलेर प्रभुभोज सम्पन्न गर्नोस्, अनि खीष्टलाई पछ्याउनको निम्ति एकाअर्कालाई उत्साहित गर्नको लागि निरन्तर भेटघाट भइरहन सदस्यहरुलाई निमन्त्रणा दिनुहोस् ।

"...पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।"

(मत्ती २८:१९)

"तिनीहरु प्रेरितहरुका शिक्षा, सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे ।"

(प्रेरित २:४२)

निर्देशन ९
खीष्टप्रति आज्ञाकारी हुन सिकाऔं



लक्ष्य

- नयाँ विश्वासीहरुलाई खीष्टका आज्ञाहरु पालन गर्न सिकाउनु ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____।

(नयाँ मण्डलीका नयाँ विश्वासीहरुको निम्ति प्रार्थना गरि दिनको लागि प्रार्थना झुण्डलाई आग्रह गर्नुहोस्: ताकि तिनीहरुले विश्वासयोग्य चेलाहरु बनेर खीष्टको आज्ञा पालन गरुन् अनि अरु कुनै प्रार्थनाको विषय भए सूचना गरुन् ।)

“मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ....।”

(मत्ती २८:२०)

महान आज्ञामा, हामीले आज्ञाकारी चेलाहरु बनाउनुपर्छ भनी खीष्टले हामीलाई आज्ञा गर्नुभयो । नयाँ विश्वासीहरुले उहाँका आज्ञाहरु सिक्ने मात्र होइन, तर पालन गर्नुपर्छ ।

एक इसाईको निम्ति परमेश्वरका आज्ञाहरु पालन गर्ने इच्छा हुनु स्वाभाविक हो । आज्ञापालन विना विश्वास मरेतुल्य छ (याकूब २:१४-१७)। हामी कर्मले बचाइएका होइनौं, तर हामी त असल कर्मको निम्ति बचाइएका हौं (एफिसी २:८-१०)।

कुनै एक क्षेत्रमा भएको पहिलो मण्डली पछि स्थापना हुने मण्डलीहरुको लागि एक नमूना हुनजान्छ । खीष्टप्रतिको आज्ञाकारिता अति जरुरी छ भनी जोड दिनुहोस् । नयाँ विश्वासीहरुले तपाई अनि अरु मण्डली स्थापकहरुको अनुकरण गर्न चाहन्छन् । परिवर्तन भए पछिका केही महीनाहरुसम्म तिनीहरुले सिकेका आत्मिकी पाठहरु उनीहरुले कहिल्यै बिर्सन सक्तैनन् ।

विश्वासयोग्य चेलाहरुको रुपमा खीष्टको आज्ञा पालन गर्न नयाँ विश्वासीहरुलाई सिकाउने सल्लाहहरु

- मण्डली स्थापकहरुलाई तपाईले यो कुरा बुझाउन आवश्यक छ कि खीष्टको आज्ञाहरु पालन गर्न थालेपछि मात्र मण्डली स्थापना भएको ठहर्दछ

- हृदयबाट नै प्रेम गरेर ख्रीष्टको आज्ञाहरु पालन गर्नको निम्ति नयाँ विश्वासीहरुलाई सिकाउनु होस् । ख्रीष्टका आज्ञाहरुको केही सूची तल दिइएको छ:

  - पश्चाताप र विश्वास गर्नोस् (मर्कूस १:१५, यूहन्ना ३:१६),

- बप्तिस्मा लिनुहोस् (मत्ती २८:१८-२०, प्रेरित २:३७-३८),

- परमेश्वरलाई प्रेम गर्नोस्, साथै परमेश्वरको निम्ति एउटा नयाँ जीवन जिउनको निम्ति, संगी-विश्वासीहरुलाई, अनि तपाईको छिमेकीलाई पनि प्रेम गर्नोस् (मत्ती २२:३४-४०),

- लगातार प्रभुभोजमा भाग लिनोस् (लूका २२:१७-२०),

- दिनहुँ प्रार्थना गर्नोस् (मत्ती ४:४, ६:५-१३, यूहन्ना १४:१४),

- बलिदानपूर्वक दिने गरौं (मत्ती ६:१९-२१),

- चेलाहरु बनाऔं, परमेश्वरको वचन पालन गरौं (मत्ती २८:१८-२०, मर्कूस १६:१५)।

• नयाँ विश्वासीहरुको नाउँको सूची राख्नोस् अनि उनीहरुले माथि भनिए जस्तै गरी येशूका आज्ञाहरु पालन गर्न सिकाउनको निम्ति कुनै एक व्यक्तिलाई जिम्मा लगाइदिनोस् ।

- नयाँ विश्वासीहरुलाई कसरी प्रार्थना गर्नुपर्ने हो सो सिकाउनु होस् ।

  हरेक नयाँ विश्वासीले व्यक्तिगत रुपमा हरेक दिन प्रार्थना गर्नु पर्छ । साथै, परिवारले पनि प्रार्थना र परमेश्वरको वचन सिक्नको निम्ति दिनहुँ पारिवारिक उपाषना गर्नुपर्दछ । हरेक खानाको निम्ति तिनीहरुले परमेश्वरलाई धन्यवाद दिनुपर्दछ । तपाईले यी सबैको एक नमूना उनीहरुकै घर घर गएर देखाउनु पर्ने हुनसक्छ ।

  परिपक्व हुँदै गरेका धेरै मण्डलीहरुका सदस्यहरु हरेक दिनको बिहान बिहान उनीहरुको मित्रहरु अनि परिवार हरु जसले उद्धार पाएका छैनन्, तिनीहरुको निम्ति प्रार्थना गर्न भेला हुन्छन् ।

- परमेश्वरले उनीहरुलाई जे दिनु भएको छ, त्यसैबाट कष्टमा परेकाहरुको खाँचो पूरा गर्न नयाँ विश्वासीहरुलाई दिन सिकाउनु होस् ।

मण्डलीको हैसियतमा, प्राप्त भएका दशांश अनि भेटीहरु कसरी प्रयोग गर्नु पर्ने हो त्यसबारे प्रार्थना र निर्णय गर्नुहोस् । (पैसा कहाँ खर्च भइरहेको छ त्यो जान्न पाएदेखि नयाँ विश्वासीहरुले अझ खुशीसाथ भेटीहरु दिनेछन् ।) के गर्नुपर्ने त्यो प्रोजेक्ट र अनुमानित खर्चको निम्ति सहमतिमा ल्याउनोस् । स्थानीय मण्डलीदेखि बाहिरका कम्तिमा एउटा प्रोजेक्टलाई सहयोग गर्नुहोस् ।

नयाँ मण्डलीले कुन प्रोजेक्ट अथवा व्यक्तिहरुलाई सहायता गर्ने निर्णय लिएको छ ?

- ☐ बिरामी मानिसहरुलाई सहायता गर्ने ।
- ☐ सुसमाचारीय सामाग्रीहरु किन्ने ।
- ☐ पाष्टरहरुलाई सहायता गर्ने ।
- ☐ वास्ता नगरिएको कुनै अर्को ठाउँ अथवा देशमा सेवकाइ गर्नेहरुलाई सहायता गर्ने ।
- ☐ अरु: _____

- एक अस्थायी कोषाध्यक्ष नियुक्त गर्नोस् अनि उसलाई र सीद, रजिष्टर, इत्यादि दिएर एक सरल हिसाब-किताब राख्न सिकाउनोस् ।

कोषाध्यक्षको नाउँ:

_____

लक्ष्यको सारांश

नयाँ विश्वासीहरुलाई पश्चाताप गर्न अनि येशूको आज्ञाहरु पालन गर्न सिकाउनोस्– जस्तैः बप्तिस्मा लिनु, परमेश्वर अनि अरुहरुलाई प्रेम गर्नु, प्रभुभोज सञ्चालन गर्नु, प्रार्थना गर्नु, पर मेश्वर अनि अरुहरुलाई दिनु, अनि चेलाहरु बनाउनु ।

"जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, ...मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।"

(मत्ती २८:१९-२०)

"यदि हामीले उहाँका आज्ञाहरु पालन गऱ्यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं ।"

(१ यूहन्ना २:३)

निर्देशन १०
आराधना सभाहरुको आयोजना गर्नुहोस्

लक्ष्य

- नयाँ मण्डलीबाट आएका अगुवाहरुले सजिलै अनुकरण गर्न सक्ने गरी लगातार आराधना सेवा चलाउनु पर्छ ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____ ।

(प्रार्थनाका झुण्डलाई नयाँ मण्डलीमा शुरु हुन लागेका आर ाधना सभाहरु अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरिदिऊन् भनी सूचना पठाइदिनोस् ।)

“हामी एक ठाउँमा भेला हुन नछाडौं....”

(हिब्रू १०:२५)

हाम्रो प्रेम र कृतज्ञता प्रकट गर्दै, अनि उहाँमा हाम्रो पापको प्रायश्चित गर्दै, जब हामी उहाँलाई महिमा दिन चाहन्छौं, पर मेश्वर हाम्रो आराधनाद्वारा खुशी बन्नुहुनेछ। देहको रुपमा एक साथ जब आराधना गर्दछौं, नयाँ विश्वासीहरु आत्मिकी रुपमा परिपक्व बन्दै जानेछन्।

आराधना सभाहरु सञ्चालन गर्नको लागि साधारण सल्लाहहरु

- नयाँ विश्वासीहरुलाई मण्डली स्थापना गर्नेहरुको सभाहरुमा सामेल गराउने काम मात्र नहोस्।

  नयाँ विश्वासीहरुले यो बुझ्नुपर्दछ कि मण्डली स्थापना गर्नेहरु होइन तर तिनीहरु पो नयाँ मण्डली हुन्। नयाँ मण्डलीको आफ्नै पहिचान हुनुपर्दछ। नत्रभने त्यस समुदाय र संस्कृतिमा नयाँ अनि आफ्नै प्रकारको मण्डलीले जरा गाड्नु सक्तैन।

- त्यही समुदायबाट आएका अगुवाहरुबाट नै नयाँ मण्डली स्थापना गर्नु होस् ।

  मण्डली स्थापना गर्नेहरुभन्दा भिन्दै समुदाय र संस्कृतिबाट नयाँ विश्वासीहरु आएका हुन् भने, त्यही समुदायका अगुवाहरुबाट नै मण्डली स्थापना गर्नु सर्वोत्तम हुन्छ । लक्षित समुदायबाट अगुवाहरु पाउन सकियोस् भनेर प्रार्थना गर्नुहोस् ।

- नयाँ विश्वासीहरुलाई अनुकरण गर्नै गाह्रो पर्ने गरी नसिकाउनु होस् अथवा सभा सञ्चालन नगर्नुहोस् ।

आमा मण्डलीकै आराधना तरिकाको नमूना नदिनु होस् अथवा नसिकाउनु होस् (विशेष गरी यदि आमा मण्डली चाहिँ ठूलो मण्डली हो भने)। एउटा सानो झुण्डलाई सरल तरिका चाहिन्छ ।

- यदि तपाईले अर्को संस्कृतिमा काम गर्दै हुनुहुन्छ भने, तिनीहरुकै संस्कृतिमा मिल्दोजुल्दो गरी आराधना सेवा चलाउने व्यवस्था मिलाउनु होस् ।

अर्को सांस्कृतिक झुण्डका मानिसहरु मण्डली स्थापकहरु जुन तरिकामा अभ्यस्त छन् त्योभन्दा अर्कै प्रकारले आराधना गर्दा हुन् । प्रेरित पत्रुसले आफ्नो तरिकालाई नयाँ स्थितिमा बदल्ने काम सिक्नुपर्‍यो (प्रेरित १०)। तरै पनि, तिनीहरुको आराधना गर्ने तरिका परमेश्वरको वचन विरुद्ध हुनुहुन्न । यस कुरामा तपाई निश्चित हुनु पर्दछ ।

सुस्वथ, अनि परिपक्वतामा बढ्दै गएका मण्डलीहरुले तिनीहरुको आफ्नै गीतहरु अनि, पवित्र आत्माको अगुवाइमा, आफ्नै सिर्जनात्मक आराधना तरिका अप्नाउँछन् । तिनीहरुले परमेश्वरको प्रशंसा गर्दछन्, पाप स्वीकार गर्छन् अनि प्रभुभोजमा सामेल हुन्छन्, पर

मेश्वरको वचनलाई वास्ता गर्दछन्, प्रार्थना गर्दछन्, दिन्छन् अनि प्रेमिलो संगति चलाउँछन् भनी निश्चित हुनुहोस् ।

नयाँ सदस्यहरुलाई अचम्म लाग्ने आराधना तरिका अप्नाउँदा धेरै नयाँ मण्डलीहरु त्यसै जमिन पुग्छ । यसर्थ, नयाँ विश्वासीको विश्वास र भावनालाई अभिव्यक्ति दिने प्रकारको आराधना तरिका अप्नाइनु पर्दछ । यो प्रक्रिया अप्नाउनको लागि यी प्रश्नहरुले तपाईलाई मदत पुऱ्याउला:

१. नयाँ विश्वासीहरु यदि अघि कतै गएको भए, कस्ता प्रकारका मण्डलीमा सहभागी भएका थिए ?

_____

_____

२. कुन प्रकारका संगीत सामाग्रीहरु उनीहरु बजाउँछन् ?

_____

३. के ती वाद्य सामाग्रीहरु सेवामा प्रयोग गर्न सकिन्छ ?

_____

४. के मानिसहरुका आफ्नै संगीत सामाग्रीद्वारा भजनहरु गाउन सकिन्छ अथवा नयाँ गीतहरु रचना गर्न सकिन्छ ?

_____

५. नयाँ विश्वासीहरुले पुराना भजनहरु, नयाँ प्रशंसाका गीतहरु, अथवा अरु कुन तरिकाहरु रुचाउँछन् ?

_____

६. कसरी तपाईले सबै सदस्यहरुलाई सेवाका विभिन्न भागहरुमा सहभागी बनाउन सक्नुहुनछ ?

_____

_____

७. एक सानो, नयाँ झुण्डको निम्ति बाइबल शिक्षाणको सर्वोत्तम तरिका के हो ? (संक्षिप्त बाइबल अध्ययन, बाइबल कथाहरु दोहोऱ्याएर भन्नु, औपचारिक प्रवचन, बाइबल कथालाई नाटकीय रुपमा प्रस्तुत गर्नु, इत्यादि)। याद गर्नोस्, जुन सुकै तरिका अप्नाए पनि नयाँ अगुवाद्वारा सजिलै अनुकरण गर्न सकिने होस् ।

_____

_____

_____

८. यदि मण्डली स्थापकहरुले प्रभाव पारेनन् अथवा सिकाएनन् भने, साधारणतया कुन प्रकारले मानिसहरुले प्रार्थना गर्दछन् ? (चुपचापसंग, जोडसंग, घुँडा टेकेर, उभिएर, हातहरु उचालेर, इत्यादि)।

_____

कहाँ अनि कसरी आराधना सभाहरु आयोजना गर्ने सम्बन्धमा सल्लाहहरु

- कहाँ अनि कसरी मण्डली भेला हुने हो त्यस बारेमा निश्चित गर्न नयाँ मण्डलीलाई सहयोग गर्नोस् ।

- निर्देशनको लागि नयाँ विश्वासीहरुसंग प्रार्थना गर्नोस् । धेरै मानिसहरु भए, विभिन्न घरहरुमा भेट्न असल हुनेछ, अनि समय समयमा गरी सबैलाई भेट्नु असल हुनेछ ।

घरमा भेट्नुका निम्ति साधारण कारणहरु

- नयाँ अगुवाहरुलाई ससाना झुण्ड अगुवाइ गर्नु सजिलो हुन्छ ।

- घर भाडा, भवन निर्माण साथै अरु आवश्यकताको लागि पनि रकम निकासा गरिनेछ ।

- नयाँ घरेलु मण्डलीहरु सजिलै वृद्धि हुन्छन् अनि एक वृहत क्षेत्रमा सजिलै फैलिँदै जानेछ ।

- तिनीहरु आपसमा अझ असल सम्बन्ध हुर्काउन सफल बन्ने छन् अनि सेवकाइमा अझ बढी आत्मिकी वर दानहरु प्रयोग गर्न स्वतन्त्र हुनेछन् ।

- तिनीहरु अझ बढी पाष्टरीय वास्ताको चाह गर्ने हुनेछन् ।

- उनीहरुले अधिकारीहरुबाट अथवा "ब्वाँसाहरु" बाट हुने बाधा-विघ्न रोक्न सफल हुनेछन् ।

- संस्थागत मण्डलीहरुलाई मन नपराउने मानिसहरुको माझमा तिनीहरुले सुसमाचार प्रचार गर्न सक्नेछन् ।

घर-घरमा भेला हुने तरिका नयाँ करारकै अभ्यास हो । (प्रेरित २०:२०, १ कोरन्थी १६:१९, कलस्सी ४:१५, फिलेमोन १:२)।

तपाईले एकै पटकमा विभिन्न ठाउँहरुमा घरेलु मण्डलीहरु शुरु गर्नसक्नुहुनेछ जहाँ नयाँ विश्वासीहरुले पाष्टरीय वास्ता पाउनेछन्, अनि प्रभुभोजमा सामेल हुनेछन् ।

यी घरेलु मण्डलीहरु बीच बीचमा बिराएर तर निरन्तर एकै ठाउँमा भेला हुने प्रयास पनि हुनुपर्छ ।

अरु भेला हुने ठाउँहरुमा स्कूलहरु, पसलहरु, सामुदायिक भवनहरु, अनि असल मौसममा खुल्ला चौरमा पनि असल हुनेछ ।

मण्डली भवनमा भेला हुनको निम्ति साधारण कारणहरु

- पाहुना सत्कार गर्नु पर्नेहरुलाई सजिलो पर्दछ ।
- बढी कार्यक्रमहरु प्रस्तुत गरेको बेला अझ धेरै भेला हुनसक्छन् अनि सहभागी बन्नसक्छन् ।
- कम अवरोध आउँछन् ।
- कति मानिसहरुले चाहिँ यसकै निम्ति छुटचाइएको भवनमा आराधना गर्न मन पराउँछन् ।

भेला हुने ठाउँको निम्ति हुनुपर्ने कुराहरुः

- यो मानिसहरुको घर नजिकै हुनुपर्छ ।
- आवश्वक परेको बेला उपलब्ध हुनसक्ने ।
- खर्च पुऱ्याउन सकिने ।
- आराधनाको निम्ति मानिसहरुले स्वतन्त्रता महसूस गर्न सक्ने ।

- प्रशस्त जगह भएको ।

नयाँ मण्डली कहाँ भेट्ने ?

कहिले भेट्ने सम्बन्धमा विचार गर्नुपर्ने कुराहरु

- काम र खानाको समय
- सभा बोलाइनको निम्ति मानिएका समयहरु
- सार्वजनिक यातायात सुविधाहरु
- हाट भर्ने दिनहरु, जब मानिसहरु शहर अथवा ठूलो गाउँ पस्छन्
- अरु कुराहरु:

तपाईले मुख्य साप्ताहिक सभा कहिले बोलाउने गर्नुहुन्छ ? (दिन र समय)

यदि तपाईले अरु सभाहरु राख्नुभयो भने, ती कहिले राखिन्छ ?

नयाँ मण्डलीमा आराधना सेवाको निम्ति सल्लाहहरु

(परिस्थिति अनुसार जुन ढाँचा सुहाउँछ, त्यही प्रयोग गर्नुहोस्)।

- निश्चित समयमा शुरु र अन्त गर्नोस् ।
- गीत र प्रार्थनाहरुद्वारा परमेश्वरको आराधना गर्नोस् ।

  विश्वासीहरुले गाउन लागेका भजनहरु जान्दछन् भनेर निश्चित हुनुहोस् । आराधनालाई यस्तो पाराले

चलाउनुहोस् ताकि सबै जना सहभागी हुनसक्छन् । साक्षी, बाइबल पठन, प्रार्थना, गीत गाएर, इत्यादिद्वारा हरेकलाई भाग लिने मौका दिनुहोस् । यसरी उनीहरुको आत्मिकी वरदान प्रयोग हुने मौका हुनेछ अनि तिनीहरुले उनीहरु *"अब विदेशी र प्रवासी होइनौ, तर सन्तहरुसँग तिमीहरु संङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौ"* (एफिसी २:१९) भन्ने र हष्य उनीहरुले महसूस गर्नेछन् ।

"तिमीहरु एकसाथ भेला हुँदा हरेकसँग भजन, वा शिक्षा, प्रकाश, अन्य भाषा वा अर्थ खोलाइ हुन्छ । यी सबै कुरा आत्मिक वृद्धिको निम्ति गरिऊन् ।"

(१ कोरन्थी १४:२६)

सेवाको निम्ति प्रार्थना गर्नोस्, अनि यसको निम्ति राम्रो योजना गर्नोस् । नयाँ मण्डलीका योग्य अगुवाहरुलाई सामेल गराउनोस् । नयाँ विश्वासीहरुलाई उनीहरु दर्शक मात्र होइनन् तर मण्डली हुन् भनेर जान्न दिनोस् ।

- बाइबलबाट सुहाउँदिला पदहरु पढेर सार्वजनिक रुपमा अथवा शान्तभावमा प्रार्थना गरेर पापहरु स्वीकार गरियोस् ।

- बाइबलबाट सुहाउँदिला पदहरु पढेर अथवा मनन गरेर, परमेश्वरको क्षमादानलाई घोषणा गर्नुहोस् ।

- प्रभुभोज मनाउनु होस् । (धेरै मण्डलीहरुले यसलाई सेवाको मुख्य भाग बनाउँदा धेरै आत्मिक उन्नति गर ाउने भएको मानिलिएका छन्)।

- बिरामी, खाँचोमा परेका, राष्ट्र, इत्यादिको निम्ति प्रार्थना गर्नोस् । (तपाईले बिरामीहरुमाथि आफ्ना हात राखी प्रार्थना गर्नसक्नुहुन्छ ।)

- ठिक्कको बाइबल प्रवचन बोल्नुहोस् ।

  भविष्यका अगुवाहरुले अनुकरण गर्न मिल्ने गरी सरल र सहज रुपमा सिकाउनुहोस् । खीष्टका आज्ञाहरुबाट शुरु गर्नोस् (हेर्नोस् निर्देशन ९)।

- बाइबलबाट सिकाइएको प्रवचनप्रति जवाफदेही हुन मण्डलीलाई आव्हान गर्नोस् ।

  उनीहरु प्रवचनप्रति प्रार्थना गरेर, भजन गाएर, उभिएर, सार्वजनिक रुपमा आफ्ना कुराहरु मानिलिएर, अथवा अरु उपायद्वारा जवाफदेही बन्नसक्छन् ।

- सेवाभन्दा पहिले अथवा सेवापछि, मानिसहरुलाई एकाअर्कामा भेटघाट गर्न, बातचीत गर्न, अनि क्रियाकलापका योजनाहरु बनाउन समय दिनुहोस् ।

एक नयाँ मण्डलीमा भइरहेको आराधना सेवामा थप्नुपर्ने अरु क्रियाकलापहरु

- संस्कृतिलाई सुहाउँदिलो रुपमा भेटीहरु संकलन गर्ने अथवा दिने काम ।

- नयाँ विश्वासीहरुद्वारा विशेष गीत गाउने अथवा बजाउने ।

- नानीहरुको लागि केही गरिनुपर्छ, सकेसम्म मुख्य सेवाको एक भागको रुपमा । (उदाहरणको लागि बाइबलका कथाहरु भन्ने । नानीहरुले पनि उनीहरु नयाँ मण्डलीका एक भाग हुन् भनेर महसूस गर्नुपर्दछ)।

- साथीहरु बनाउनको लागि विशेष समय । (नयाँ विश्वासीहरुले उनीहरु पनि विशेष उद्देश्यको लागि समर्पित समुदायको एक भाग हुन् भन्ने कुरा उनीहरुले महसूस गरुन् ।)

आराधना सभाहरुको प्रभावशालीतालाई मूल्याङ्कन गर्नको निम्ति सल्लाहहरु

- सेवाहरु पछि, कुन कुरामा हामीले सुधार ल्याउनु पर्ने हो भनी मण्डलीलाई निर्णय गर्न सहयोग गर्नुहोस् । (कुन कुरा असल भयो अनि कुन भएन ?)

- सेवाको तरिकामा चाहिने आवश्यक परिवर्तनहरु गर्नुहोस् ।

- योग्य अगुवाहरुले सेवाहरुको सञ्चालन गरुन् । उनीहरुले अनुभव बटुल्दै जाँदा धेरैभन्दा धेरै जिम्मेवार ीहरु थपिदिनु होस् ।

आराधना सभाहरुमा मानिसहरुलाई निम्त्याउनको निम्ति सल्लाहहरु

- जबसम्मन् 'बाहिर' (अर्को संस्कृति) बाट आएका अगुवाले अगुवाइ गरिरहेको हुन्छ, सार्वजनिक मानिसहरुलाई निम्त्याउने काम नगरौं ।

- सकेसम्म चाँडै स्थानीय अगुवाहरु तयार पारौं ।

सार्वजनिक सेवाहरु चाँडै शुरु गरेर नै धेरै नयाँ मण्डलीहरु असफल बन्दछन् । समुदायबाट नै सेवाहरु अगुवाइ गर्न सक्ने नयाँ अगुवाहरु तयार नपारुञ्जेल मण्डली स्थापकहरु पर्खनु पर्दछ । (यदि ऊ स्वयं नयाँ

मण्डलीको पाष्टर भएर रहने हो भने कुरो अर्कै हुनसक्छ ।) नयाँ अगुवाहरुलाई तालीम दिने विषयमा निर्देशन १२ मा बताइएको छ ।

समुदायबाट नै सेवाहरु अगुवाइ गर्न सक्ने नयाँ अगुवाहरु तयार नपारीकनै सार्वजनिक सेवा शुरु गर्दा हुन सक्ने निम्नलिखित खतराहरुलाई विचार गरौं:

- घरका मूल व्यक्तिहरु उपस्थित हुन मान्दैनन् । त्यहाँ आउनेहरुमा खास गरी स्त्रीहरु, नानीहरु अनि जिज्ञासुहरु मात्र हुन्छन् ।

- सार्वजनिक सेवाहरुमा बाहिरबाट आएका सेवकहरुले नै अझ पनि अगुवाइ गर्नुपर्ने हुन्छ किनकि स्थानीय अगुवाहरु पर्याप्त अनुभवी भइसकेका हुँदैनन् । यसले गर्दा स्थानीय अगुवाहरुको सहभागिता र विकासमा बाधा ल्याउँछ ।

- सेवकहरु सार्वजनिक सेवाको निम्ति तयारीमा लाग्नुपर्‍यो भने सुसमाचारको काममा लापरवाही आउनसक्छ । नयाँ मानिसहरुलाई आकर्षण गर्नको निम्ति सेवकहरु सार्वजनिक सेवाहरुमा नै भर पर्न थाल्छन् ।

- यो नयाँ मण्डलीले पनि पुराना मण्डलीहरुसँग प्रतिस्पर्धा गर्न थाल्छ, अनि उनीहरुको पुरानै आर ाधना तरिका अप्नाउनपट्टि लाग्दछन् । (तिनीहरुले साना झुण्डहरुलाई सुहाउँदिलो, मित्रवत् वातावर णमा आराधना गर्ने आफ्नै तरिका विकास गर्नु पर्ने हो ।)

- अन्य मण्डलीहरुबाट आएका परिपक्व विश्वासीहरुलाई सन्तुष्ट पार्न खोज्दा सेवाहरु पनि अति लामो हुन जान्छ । प्राय: जसो नयाँ विश्वासीहरु यसको निम्ति तयार पनि हुँदैनन् ।

- सार्वजनिक सेवाले विभिन्न सोचाइ भएका र कर्म गरिरहेका अरु मण्डलीहरुका सदस्यहरुलाई आकर्षित गर्दछ । यसले विभिन्न मत भिन्नता ल्याउँछ, फलस्वरुप स्थानीय अगुवाहरुलाई यससित व्यवहार गर्न गाह्रो पर्न जान्छ । यस्तो अवस्थामा, सबै कुरो व्यवस्थित ढङ्गमा गर्नको लागि, मण्डली स्थापकहरुलाई त्यस नयाँ संगतिमा अधिक नियन्त्रण गर्नुपर्ने वाध्यता पर्न जान्छ ।

लक्ष्यको सारांश

स्थानीय संस्कृति अनुसार आराधना सेवाहरु सञ्चालन गर्नुहोस् जहाँ नयाँ विश्वासीहरुले परमेश्वरप्रति उनीहरुको विश्वास र भक्ति चढाउन सकून् ।

"...तिनीहरुले घर-घरमा रोटी भाँच्थे, अनि तिनीहरु खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरुबाट शुभेच्छा पाउँदै बस्थे...।"

(प्रेरित २:४६-४७)

टिप्पणीहरु :

निर्देशन ११
नयाँ सदस्यहरुलाई गतिशील पार्नु

लक्ष्य



- आफन्तहरु, मित्रहरु, समुदायमा भएका अरुहरु, अनि वरिपरिका गाउँ तथा शहरुहरुमा सुसमाचार प्रचार गर्नको लागि नयाँ विश्वासीहरुलाई अगुवाइ गर्नु र सिकाउनु ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____।

(अरुहरुलाई सुसमाचार सुनाउनको निम्ति मण्डलीको प्रयास अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरिदिऊन् भनी प्रार्थनाका झुण्डलाई सूचना पठाइदिनोस् ।)

"येशूले भन्नुभयो: "मेरो पछि लाग, र म तिमीहरुलाई मानिसहरुका मछुवा तुल्याउनेछु ।" (मत्ती ४:१९)

अरुहरुलाई सुसमाचार प्रचार गर्न नयाँ मण्डलीलाई गतिशील पार्नको निम्ति सल्लाहहरु

- नयाँ विश्वासीहरुलाई महान आज्ञा (मत्ती २८:१८-२०) को बारेमा सिकाउनोस् ।

  विशेष गरी योग्य अगुवाहरुलाई सुसमाचार सुनाउने र चेला बनाउने बारेमा सिकाउनोस् । तिनीहरुले सुसमाचार प्रचारको उद्देश्य र महत्त्वबारे बुझ्नैपर्दछ ।

- नयाँ विश्वासीहरुलाई तिनीहरुको मित्र अनि आफन्तहरुको सूची बनाउन लाउनोस् अनि तिनीहरुको जीवन परिवर्तनको निम्ति प्रार्थना गर्न लाउनोस् ।

  परमेश्वरको शक्ति र प्रेमद्वारा अति दुष्ट व्यक्ति पनि परिवर्तन हुनसक्छ भनी बुझाइदिनोस् । अरु क्षेत्रमा बसिरहेका आफन्तहरुले नयाँ मण्डलीहरु स्थापित गर्ने कामको निम्ति साँघुको काम गर्नसक्छन् ।

- नयाँ विश्वासीहरु (विशेष गरी सम्भाव्य अगुवाहरु) लाई मण्डली स्थापकहरुसँग प्रचारमा जान निमन्त्रित गर्नोस्, ताकि उनीहरुले तिनीहरुको उदाहरणहरुमा सिक्नेछन् ।

नयाँ मण्डलीका विश्वासीहरुले सर्वप्रथम उनीहरुकै परिवार अनि साथीहरुलाई सुसमाचार प्रचार गर्नुपर्छ । तिनीहरुले "सर्वोत्तम सन्देश" अथवा अर्को सरल तरिका अप्नाउन सक्छन् । नयाँ मण्डली शक्तिशाली सुसमाचारीय बल हो । परमेश्वरले नयाँ विश्वासीहरुको परिवर्तित र उत्सुक जीवन अरुहरुलाई आकर्षित गर्न प्रयोग गर्नुहुन्छ ।

- नयाँ मण्डलीका सम्भाव्य अगुवाहरुको नाउँ लेख्नोस् जसले आफ्ना मित्रहरु, आफन्तहरु अनि छिमेकीहरुलाई साक्षी दिनेछन् ।

  यी सम्भाव्य अगुवाहरुलाई नयाँ मण्डलीको जिम्मेवारी लिन तालीम दिनुहोस् । अरु धेरै जानकारीको लागि निर्देशन १२ "अगुवाहरुलाई तालीम दिन शुरु गरौं" हेर्नसक्नेछौं ।

- सम्भाव्य अगुवाहरुले तिनीहरुको आफ्नै विचार लगाएर सुसमाचार बुझाउने उपायहरु (स्किट तथा नाटक देखाउने, कथा भन्ने, इत्यादि, विकास गरुन्)।

नयाँ मण्डलीका सम्भाव्य अगुवाहरुले कुन प्रकारका सुसमाचारीय तरिकाहरु विकास गरेर प्रयोगमा ल्याउँदैछन् ?

- नयाँ विश्वासीहरुलाई अरु क्षेत्रहरु (गाउँ, शहर, र नगर हरु) मा भएका तिनीहरुका मित्रहरु अनि आफन्तहरुलाई प्रभुमा जित्न सहायता गर्नुहोस् ।

  यसरी अरु नयाँ मण्डलीहरु तुरन्त जन्मनेछन् । यदि तपाईले धेरै बेर पर्खाउनु भयो भने, नयाँ मण्डलीले रुची हराउनेछ । त्यही क्षेत्रमा धेरै नयाँ मण्डलीहरु स्थापित गर्ने लक्ष्य राख्नोस् । यदि अर्को क्षेत्रमा नयाँ मण्डली स्थापना गर्ने सम्भावना भए, त्यहाँ सेवा गर्नेहरुले यो मण्डली स्थापना निर्देशनको अर्को प्रति प्रयोग गर्नुपर्छ । तिनीहरुले त्यहाँको प्रगतिबारे तपाईलाई सूचित गर्नु पर्छ, जसरी तपाईले तपाईको सल्लाहकारलाई सूचित गर्नुहुन्छ ।

- यस क्षेत्रमा अरु इसाईहरुलाई प्रभुको आज्ञाहरु पालन गर्न, सेवाहरुको योजना र अगुवाइ गर्न, नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिन, इत्यादि काम कसरी गर्नु त्यसबारे सिकाउनको निम्ति नयाँ मण्डलीका सम्भाव्य अगुवाहरुलाई सहायता गर्नोस् ।



कुन क्रियाकलापहरुमा सम्भाव्य अगुवाहरु सहभागी भए ?

_____

_____

_____

_____

नयाँ मण्डलीमा कति सदस्यहरु छन् ? _____

लक्ष्यको सारांश

सुसमाचार प्रचारमा लागिरहनको निम्ति नयाँ मण्डलीलाई प्रोत्साहित गर्नोस् ।

"उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो ।"

(प्रेरित २:४७)

निर्देशन १२
अगुवाहरुलाई तालीम दिन शुरु गरौं

लक्ष्य

- नयाँ मण्डलीको निम्ति भावी अगुवा र निर्देशन विकास गर्न मण्डली स्थापक टोलीलाई सहयोग गर्नु ।

☐ योजना गरिएको ।

☐ व्यावहारिकतामा उतारिएको (मिति): _____।

(अब तालीम लिन पर्ने मण्डलीका नयाँ अगुवाहरुको निम्ति अनि अरु विषयहरु पनि भए त्यसको निम्ति प्रार्थना गरिदिऊन् भनी प्रार्थनाका झुण्डलाई सूचना पठाइदिनोस् ।)

“यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नू, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नू ।”

(तीतस १:५)

नयाँ मण्डलीहरुका अगुवाहरुलाई शिक्षा दिनको निम्ति तीतस क्रेटमा नै रहे । मण्डली स्थापनामा, अगुवाहरुको तालीम अति जरुरी छ ।

नयाँ अगुवाहरुको तालीमको निम्ति सल्लाहहरु

- नयाँ मण्डलीको निम्ति अगुवाहरुलाई “तालीम र वृद्धि” सामाग्री चलाएर तालीम दिनको निम्ति मण्डली स्थापना गर्ने टीमबाट एक जनालाई नियुक्त गर्नोस् ।

  पाष्टरीय तालीमको यो तरिका मण्डलीहरुको गुणनात्मक वृद्धिको लागि आदर्शमय छ, किनकि यसपछि, नयाँ मण्डलीका अगुवाहरुले अरु नयाँ मण्डलीहरु स्थापना गर्न सक्नेछन् ।

यो तरिकाबाट धेरै फाइदाहरु छन्, विशेष गरी प्रारम्भिक क्षेत्रहरुमा:

- पाष्टरीय विद्यार्थीहरुले अध्ययन र अभ्यासको काम संगसंगै गर्दछन् ।

- छिमेकीका मानिसहरुले उनीहरुले चिनेका मानिसहरु मध्येबाट नै नयाँ अगुवाहरुलाई चिन्नेछन् ।

- नयाँ विश्वासीहरुले आफैलाई नयाँ मण्डलीको लागि बढी जिम्मेवारी ठान्नेछन्, अनि प्रभुको काममा अरु बढी सक्रिय बन्नेछन् ।

- जसै नयाँ अगुवाहरु पनि तयार पारिँदै लगिन्छ, तब मात्र मण्डलीहरुको गुणनात्मक वृद्धि सम्भव हुन्छ ।

- आफ्नो भूमिका जान्नको लागि तालीम र वृद्धि–मा भएको पाष्टरीय तालीम मेनुएल प्रशिक्षकलाई पढ्न दिनु होस् ।

- जसलाई नयाँ मण्डलीको पाष्टरीय अगुवाहरुको रुपमा तालीम दिँदै हुनुहुन्छ, उनीहरुलाई छान्नुहोस् ।

यिनीहरु आज्ञाकारी इसाईहरु, साक्षी दिने काममा सक्रिय, अनि सकेसम्म समुदायलाई प्रतिनिधित्व गर्नसक्ने घरकाम मूल व्यक्ति हुनुपर्छ। तिनीहरुले १ तिमोथी ३:१-७, अनि तीतस १:५-९ मा भएका शर्तहरु पूरा गर्ने लक्ष्य राख्नुपर्दछ, किनकि पछिबाट तिनीहरुले पाष्टरीय जिम्मेवारी लिनेछन्।

- जसजसलाई तालीम दिइन्छ, तिनीहरुको नाउँ लेख्नुहोस्।

- हरेक विद्यार्थीको लागि एउटा विद्यार्थी क्रियाकलाप गाइड, र एक सेट पाष्टरीय अगुवा तालीम पुस्तिकाहरु (पुस्तिकाहरु १ ६३) उपलब्ध गराइदिनु होस्।

- तालीम र वृद्धिमा भएको पाष्टरीय अगुवा तालीम मेनुएल अनि विद्यार्थी क्रियाकलाप गाइडमा दिइएका निर्देशनहरु पालन गरेर तालीम शुरु गर्नोस्।

तालीमको पहिलो तहमा पाष्टरीय सेवकाइका प्रथम जिम्मेवारीहरु सिकाइन्छः सुसमाचार प्रचार गर्नु, बप्तिस्मा दिनु, मण्डलीले प्रेम गर्न सिक्नु, आराधना गर्नु,

भेटीहरु दिनु अनि चेलाहरु बनाउनु । यो मण्डली स्थापना गाइडमा भएको प्रायः जसो पाठहरु यसले भियाएको हुन्छ । भिन्नता यति मात्र हुन्छ कि यस तहमा प्रायः जसो काम तपाईले होइन तर नयाँ अगुवाले गर्नुहुनेछ । अरु तह अर्थात (दोस्रो र तेस्रो)मा, नयाँ अगुवाले मण्डलीमा गरिनु पर्ने विभिन्न क्रियाकलापहरुको योजना गर्ने काम गर्दछ, जस्तैः अगुवापनको आयोजना, खाँचोमा परेकाहरुलाई सहायता गर्नु, सुसमाचारीय काम बढाउनु, मिसनेरीहरु पठाउनु, इत्यादि ।

लक्ष्यको सारांश

तालीम र वृद्धि पाठ्यक्रम प्रयोग गरेर नयाँ मण्डलीको निम्ति अगुवाहरुलाई तालीम दिनु ।

"यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ....।"

(१ तिमोथी ३:१)

नयाँ मण्डलीमा अगुवाहरुको रुपमा म कति जनालाई तालीम दिन सक्छु ?
एल्डरहरुको निम्ति नयाँ करारमा दिइएका योग्यता पूरा गर्नेहरुलाई मात्र तालीम दिनुहोस् । उनीहरुलाई तपाईले सिकाउनु भएको कुरा तत्काल अभ्यासमा ल्याउन चाहने हुनुपर्छ । तपाईले एकदेखि तीन विद्यार्थीहरुलाई तालीम दिनु राम्रो हुन्छ भनी म शिफारिस गर्दछु ।

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

037NP01A-01